पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ अङ्क : ११ २०७० असोज १८ गते शुक्रबार (Oct. 4, 2013) मूल्य रू. १०/-

## तानाशाहीविरूद्ध बैद्यसमूह तात्यो



काठमाडौं । चारदलले तानाशाह बनेर वार्ताको सम्भाबनाको अन्त्य गरेका छन् । हामी अझै वार्ताको ढोका खोलेर बसेका छौं, वार्ता नभए हामी अर्को प्रक्रियामा जानेछौं । बैद्य बिथोल्ने प्रक्रियामा जाने र चार दल सत्ता र शक्तिका साथ बिथोल्नेमाथि जाइलागे के हुन्छ ? मंसिर ४ को निर्वाचन युद्ध मैदान बन्ने निश्चित बनेको छ । बैद्य माओवादीले निर्वाचनलाई नौटंकी भनेको छ । कात्तिक २५ देखि मंसिर ५ गतेसम्मको आम (बाँकी अन्तिम पेजमा)

# पार्वतीलाई छक्याउने ६ जनाको छक्का दाउ

काठमाडौं । आईजिपी कुवेरसिंह राना अवकासमा जाने भएपछि आईजिपी बन्न ललाहित ६ जना एआईजीहरू छक्का दाउ हान्न शक्तिकेन्द्र धाउन थालेका छन् । ६ एआईजी नवराज ढकाल, भिष्मराज प्रसाई, दिनकर शम्शेर राणा, गंगा पाण्डे, पुष्कर रेग्मी र रमेश विक्रम शाहले गृहमन्त्री माधवप्रसाद घिमिरेलाई मनाएर तिन महिना म्याद थप गर्ने प्रारम्भिक षड्यन्त्रमूलक प्रस्ताव तयार गर्न सफल भएका छन् । यो षड्यन्त्रलाई क्याविनेट निर्णय गराउन सफल भए पछि आइजिपी बन्ने पक्का भएकी पार्वती थापामगर हिस्सिने छिन् । पार्वतीलाई पाखा लगाउने यो षड्यन्त्र यतिबेला चुनावमा होमिएको राजनीतिक दलहरूको मुख्य चासोको विषय बनेको छ ।





आईजिपी र एआईजीहरू मिलेर एमाओवादी, कांग्रेस, एमाले र मधेशी मोर्चाका दलहरूसँग करोडौं चुनाव खर्च दिने प्रस्ताव लिएर दौडादौड गरिरहेका छन् । यही दौडादौडको परिणाम हो, यिनीहरूको ३ महिना म्याद थप गर्ने प्रस्ताव । यो प्रस्तावमा खिलराज रेग्मी सकारात्मक भइदिए भने पहिलो पटक महिला आईजिपी बन्ने अवसर समाप्त हुने छ । महिला माथिको कानुनी र मानसिक हिंसाका प्रमुख कारक बन्ने छन्, प्रधानन्यायाधीश खिलराज रेग्मी । कानुनी हिसावमा चल्ने हो भने आईजिपी र एआईजीहरू अवकासमा जानेछन् र पार्वती थापामगर नेपालकै इतिहासमा नेपाल प्रहरकी आईजिपी बन्नेछिन् । सुरक्षा (बाँकी अन्तिम पेजमा)

## प्रचण्डको रवाफ, वैद्यको कवाज



काठमाडौं । प्रचण्डले नेकपा-माओवादीलाई एउटै चुनाव चिन्ह लिएर चुनाव लड्न आव्हान गरिसकेका छन् । बिद्रोही नेत्रविक्रम चन्दले बोली फेर्दै एक हुन सकिन्छ भन्न थालेका छन् । वैद्य समूह गल्न थालेको देखेर प्रचण्ड, कांग्रेस र एमालेलाई सत्तोसराप्दै चुनावपछि एमाओवादीको एकछत्र राज चल्ने रवाफ देखाउन थालेका छन् ।

यसैबीच वैद्य समूहले झापा, दाङ, धनगढी, नेपालगञ्जमा चुनाव भाँड्ने तालिम र पूर्व लडाकुहरूलाई कवाज खेलाउन थालेको छ । स्रोत भन्छ, (बाँकी अन्तिम पेजमा)

# मधेसवादी दलहरू सत्ताकै स्वादमा

**अभियान संवाददाता**

काठमाडौं । संविधानसभाको दोस्रो निर्वाचनका लागि आ-आफ्नो पार्टीबाट टिकट नपाउने निश्चित भएपछि पार्टी परित्याग गरी अर्को पार्टीमा प्रवेश गर्नेहरूको अहिले लहर नै चलेको छ । खास गरेर मधेसवादी दलहरू अहिले त्यसक्रममा निकै अगाडि देखिएका छन् । त्यसै क्रममा एक महिना अगाडि मात्र तमलोपामा प्रवेश गरेकी पूर्व सूचना तथा सञ्चार राज्यमन्त्रि सुरीता कुमारी साह गत शनिवार सद्भावना पार्टीमा प्रवेश गरेकी छिन् । पूर्व सभासद् सहित आफ्नो पार्टीमा प्रवेश गर्नेहरूलाई सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले स्वागत गर्दै फुलमाला लगाएर सदस्यता प्रदान गरेका थिए ।

तमलोपाले करीब दुईसाता अगाडि मात्र साहलाई केन्द्रीय सदस्यमा मनोनित गरेको थियो । त्यसैगरी उपेन्द्र यादवले नेतृत्व गरेको मधेसी जनअधिकार फोरम नेपालका सत्यनारायण मण्डल र सयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका सर्लाही इंन्चार्ज विश्वनाथ साह शनिवार नै तराई मेधस सद्भावना (तमलोपा) प्रवेश गरेका छन् । उनीहरूलाइ तमलोपाका अध्यक्ष महेन्द्र (बाँकी अन्तिम पेजमा)





## सरकारी सुरक्षा : निर्वाचन सामग्री लुटियो

**अभियान संवाददाता**

काठमाडौं । नेकपा-माओवादी सहितका ३३ दलले आफ्ना मागहरू पुरा नगरी जवर्जस्ती रूपमा निर्वाचन गराउन खोजेको खण्डमा त्यस्को कडा प्रतिकार गर्ने उद्घोष गरी सकेको अवस्थामा नेकपा-माओवादीका कार्यकर्ताहरूले जाजरकोट जिल्लाको सदरमुकाम खलंगामा पुऱ्याईएका निर्वाचन सम्बन्धि समाग्रीहरू लुटेका छन् । गत शनिवार करिब २ बजेतिर सदरमुकाममा आएका ५/६ जना माओवादी कार्यकर्ताहरूले जिल्ला निर्वाचन कार्यालयका लागि त्यहाँ पुऱ्याईएका समाग्रीहरू लुटेर लगेपछि त्यहीबाट उनीहरूको प्रतिकार सुरू भएको उद्घोष उनीहरूले गरेका छन् । निर्वाचन समाग्री लुटिएको स्थान सशस्त्र प्रहरी क्याम्पबाट करीब दुई मिनेट र नेपाल प्रहरीको चेकपोष्ट करीब ५ मिनेटको दूरीमा पर्दछ । (बाँकी अन्तिम पेजमा)



## राप्रपा नेपाल : चियाको कपमा आँधी होला ?



काठमाडौं । राप्रपा नेपालका अध्यक्ष कमल थापाले भने भैं राप्रपा नेपाल 'ईमर्जिङ फोर्स' हो । अहिले सम्मको स्थिति हेर्दा प्रत्यक्ष भन्दा समानुपातिकमा व्यापक जनमत पाउने वातावरण छ । तर- नेपाली जनता सत्ता, शक्ति, पैसा, खानपिनमा बहिकिएर पर्लक्कै पल्टन बेर नलाउने विगतको घटनाक्रमको विश्लेषण गर्ने हो भने राप्रपा नेपालको स्थिति कृष्णप्रसाद भट्टराईको जस्तो आश्चार्यजनक हारमा परिणत हुन बेर छैन । त्यसैले राप्रपा नेपालतिर आकर्षित जनलहरलाई कायम राख्नु अध्यक्ष थापाको लागि फलामको चिउरा चपाए सरह छ ।

२०६३ सालको परिवर्तन र त्यसपछि राजनीतिक दलहरूले जनादेशभन्दा संविधानभन्दा (बाँकी अन्तिम पेजमा)

## बोनस फिर्ता गरे, कानूनी बाटो अबलम्बन गर्नें

काठमाडौं । घाटामा रहेको नेपाल आयल निगमका उच्चतहका कर्मचारीहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पक्राउ गरेपछि आफूहरू पनि दशैंको मुखमा पक्राउ परिने डरले गर्दा आफूहरूले लिएको बोनस वापतको रकम फिर्ता गरेका छन् ।

कर्मचारीहरूले कानूनी उपचार मार्फत समस्याको सामाधान खोज्ने र बोनस वितरणकै कारण पक्राउ गरीएका आफ्ना उच्चतहका कर्मचारीहरूलाई रिहा गरीए आफूहरूले लिएको रकम फिर्ता गर्ने प्रतिवद्धता जनाएका हुन् । बोनस खुवाएकै कारण हाम्रा उच्चतहका कर्मचारीहरू पक्राउ गरीएकाले हामीहरूलाई बनोस खान उचित लागेन त्यसैले हामीहरूले बोनस वापतको रकम फिर्ता गर्न तयार रहेका छौं भन्दै निगममा कार्यरत तिन कर्मचारी संगठनहरूले संयुक्तरूपमा अख्तियारलाई गत विहिबार पत्र पठाएका थिए । पत्रमा भनिएको छ- हाम्रा उच्चतहका कर्मचारीहरू रिहा हुनुहुन्छ भने (बाँकी अन्तिम पेजमा)

# झन शक्तिशाली भएर फर्किए खिलराज

*शाश्वत शर्मा खतिवडा*

चार दलिय सिन्डिकेटको तजबिजमा मन्त्रीपरिषद्का अध्यक्ष हुने सौभाग्य पाएका खिलराज रेग्मी चौतर्फी विरोधका वावजूद अमेरीकाको न्यूयोर्कमा सम्पन्न संयूक्त राष्ट्रसंघको साधारण सभामा महत्वहिन भाषण ठोकेर गत मंगलबार साँझ काठमाडौं फर्किएका छन् । संविधानसभा-२को निर्वाचन संघारमै आईपुगेको र केही प्रभावशाली राजनीतिक दलहरूलाई चुनावी प्रकृयामा सामेल गराउन अझै पनि कसरतहरू भैरहेको र साथै शान्ति सुरक्षाका विषयमा पनि विभिन्न आशंकाहरू अझै बाँकी रहेको यस्तो अवस्थामा स्वयं चार दलिय सिन्डिकेटका 'पदाधिकारी'हरू लगायत अन्य नेता तथा उनकै मन्त्रीपरिषदका सदस्यहरूले न्यूयोर्क नजान गरेको 'अनुरोध'लाई लत्याउँदै त्यतातिर हानिएका रेग्मीले संयुक्त राष्ट्रसंघको साधारण सभामा भाषण गर्ने आफ्नो धोको मात्र पुरा गरेनन बरू त्यहाँ भारतका प्रधानमन्त्री डा मनमोहन सिंहसँग समेत भेटी थप उर्जा लिएर फर्किए ।

वास्तवमा रेग्मीको न्यूयोर्क जानुको प्रयोजन यिनै थिए । संयुक्त राष्ट्रसंघको सभामा उनको उपस्थिति र उनको भनाइको त्यहाँ मतलब नै कति थियो र ? पालो कुरेर बसेका अन्य देशका प्रधिनिधिहरू, राष्ट्रसंघका केही कर्मचारीहरू, धेरै जसो खाली खाली टेबुल कुर्सीहरू बाहेक हाम्रा मन्त्रीपरिषद्का अध्यक्षलाई अरू कस्ले पो सुन्यो र ? तर के गर्ने ? एउटा कर्मचारीले राजनेताको पद पाएपछि पाएको मौका किन छोड्दथ्यो त ? खिलराजलाई संयुक्त राष्ट्रसंघमा भाषण ठोकेर आफ्नो 'इतिहास' बनाउनु थियो, त्यो बनाए । यो नै 'उपलब्धी' भयो । यो बाहेक खिलराजलाई न्यूयोर्क नगई नहुने अर्को 'काम' भनेको, माथि उल्लेख गरिए भैं भारतीय प्रधानमन्त्री डा मनमोहन सिंहलाई जसरी पनि भेट्नु थियो



– त्यो पनि 'काम' भयो । यति हो, सरकारी पैसामा गरिएको 'न्यूयोर्क भ्रमण' को उपलब्धी । अब नेपाल र नेपालीका लागि खिलराजको यो भ्रमणबाट आउने 'उपलब्धी र फाइदा' त त्यस्तै हो, तर व्यक्तिगत रूपमा उनी स्वयं चै झन (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### बन्द कोठामा बिरालो कुट्ने प्रवृत्ति त्यागौं

*नेकपा-माओवादी सहितका ३३ दलिय मोर्चा भित्रका केही दलहरुले आगामी संविधानसभाको दोस्रो निर्वाचनमा सहभागीता जनाउने भन्दै निर्वाचन आयोगमा समानुपातिक र प्रत्यक्ष तर्फबाट दलहरुले उम्मेद्वारको नाम दर्ता गराएपछि नेकपा-माओवादीलाई संकट परेको छ । नेकपा-माओवादीले अन्तराष्ट्रिय समुदायलाई समेत गुहार गरेर आफूहरु चुनावको विराधी नभएको तर सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिनु पर्ने प्रमुख सर्त अगाडि सारेपनि उनीहरुको त्यो माग पुरा गर्ने तर्फ कथित ठूला भनिएका दलहरु एमाओवादी, नेकपा एमाले, नेपाली कांग्रेस र केही मधेसवादी दलहरुको मोर्चाले कुनै सकरात्मक संकेत नदेखाएका हुनाले नेकपा-माओवादी संविधानसभाको दोस्रो निर्वाचनमा जानबाट बञ्चीत हुनसक्ने अवस्था आएको छ ।*

*केही समय पहिला नेकपा-माओवादी सहितका अन्य ३३ दलले पहिला राखेका १८ बुँदे मागलाई परिमार्जन गर्दै चारबुँदे माग चार दलिय सिन्डिकेट सामु राखेको थियो । ति चार बुँदे मागमा रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिनुपर्ने, रेग्मीकै नेतृत्वमा संविधानको धारा ३८को १ अनुसारको दलिय सरकार निर्माण हुनुपर्ने र मंसिर ४मा गर्ने भनिएको संविधानसभाको निर्वाचन चैत्रमा सार्नुपर्ने र आफ्नो दल र अन्य ३३ दलभित्रका दलहरुलाई निर्वाचन आयोगले दर्ता गर्नुपर्ने । झट्टहेर्दा यी मागहरु सामान्य नै छन्, चारदलिय सिन्डिकेटले तत्कालै केही मागहरु पुरा गर्न सक्ने देखिएता पनि नेकपा-माओवादीका मागहरु प्रति खास गरेर एमाओवादी सकारात्मक नदेखिएपछि कांग्रेस एमाले पनि चुपचाप बसेको र पार्टीगत स्वार्थका लागि पार्टीकै काममा ब्यस्त भएको हुनलो नेकपा-माओवादीको आगाडि निर्वाचन वहिस्कार गर्नु वाहेक अन्य केही विकल्पहरु देखिएका छैनन् ।*

*एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमालेको बुझाईमा नेकपा-माओवादी निर्वाचनमा सहभागिता नै जनाउन चाहँदैन भन्ने नै हो तर नेकपा-माओवादीले पछिल्लो समयमा खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएको खण्डमा र निर्वाचन चैत्रमा सारेको खण्डमा आफूले निर्वाचनमा सहभागिता जनाउने प्रतिवद्धता जनाएको अवस्थामा यी दुई माग पुरा गरेर नेकपा-माओवादीलाई निर्वाचनमा सहभागी गराउनु नै नेपाल र नेपाली जनताको हितमा हुनेछ । नेकपा-माओवादी सहितका अन्य सबै दलले निर्वाचनमा भाग लिएको खण्डमा मात्र मुलुकले सही अर्थमा निकास पाउन सक्छ । उनीहरुले निर्वाचनमा भाग लिने प्रतिवद्धता जनाएको खण्डमा चुनावको बेला सेनालाई खटाउनु पर्ने आवश्यकता नै नहुने भएको हुनाले त्यसले मुलुकलाई ठूलो फाइदा पुग्दछ । सेना परिचालन गर्दा राज्यकोषबाट ठूलो रकम सेनालाई दिनु पर्ने हुन्छ । सबैपक्षले चुनावमा भाग लिएको खण्डमा मात्र त्यस्ले सार्थक परिणाम दिन सक्ने भएको हुनाले चारदलिय सिन्डिकेटले अब समय छर्दै त्यसतर्फ विचार गर्नु उपयुक्त हुन्छ ।*

*नेकपा-माओवादी सहितका ३३ दलले आफूहरु वार्तामा बस्न तयार रहेको अभिब्यक्ति सार्वजानिक रुपमै दिई सकेको हुनाले वार्ताको माध्यमबाटै समस्याको समाधान खोजीनु प्रजातान्त्रिक अभ्यास हुने भएको हुनाले त्यसै अनुसार अगाडि बढ्दै आवश्यकताको सिद्धान्त अनुसार खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएर मुलुकलाई निकास दिनु रेग्मीको कर्तब्य र धर्मपनि हो । रेग्मीकै कारण मुलुक अनिर्णयको बन्दी बनाइनु कुनै हालतमा पनि उचित हुँदैन । आफूले प्रधानन्यायाधिशबाट राजीनामा दिँदा मुलुकले निकास पाउँछ भने त्यो त रेग्मीको लागि गौरबको विषय बन्न सक्नु पर्दछ ।*

*मंसिर ४मा गर्ने भनिएको संविधानसभाको निर्वाचन पछि सार्दैमा आकास खस्दैन र पृथ्वीपनि भाँसिदैन मंसिर ४ को मिति भगवानले जुराई दिएका होइनन्, मंसिर ४को मितिलाई कुनै दलले आफ्नो प्रतिष्ठाको विषय बनाइनु उचित हुँदैन । नेकपा-माओवादी लगायतका अन्य ३३ दलका नेता र कार्यकर्ताहिरुले मतदाता सूचिमा नाम नलेखाएको हुनाले उनीहरुलाई मतदाता सूचिमा नाम लेखाउन र पार्टी दर्ता गरी चुनाव प्रचार प्रसार गर्नका लागि केही समय चाहिने भएको हुनाले उनीहको चुनावपछि सार्ने मागलाई जायजै भन्न सकिन्छ । बन्द कोठामा राखेर विरालोलाई कुट्न खोज्ने प्रवृत्ति नेकपा-माओवादी लगायतका अन्यदलहरुलाई देखाइनु हुँदैन तसर्थ मिति सारेरै भएपनि नेकपा-माओवादी सहितका दलहरुलाई निर्वाचनमा भागलिने वातावरण मिलाइयोस भन्ने हाम्रो जोडदार माग रहेको छ ।*

# चारदलीय सिन्डिकेट र रेग्मी नै निर्वाचनका वाधक

■ **देवेन्द्र चुडाल**

मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको चुनावका लागि दलहरूले प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि उम्मेदवारको नाम दर्ता गराए पनि तोकिएकै समयमा निर्वाचन सम्पन्न हुनेमा आशंका जन्मिएको छ । पहिलो संविधानसभाको हत्या गरिएपछि दोस्रो पटक संविधानसभाको निर्वाचन मंसिर ४ गते गराउन कम्मर कसेर लागेका मुख्य चारदल एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मोर्चाले आफूहरूलाई निर्वाचनमा होमे पनि यिनै चारदल र अन्तरीम चुनावी सरकारको नेतृत्व गरेका सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीको हठका कारण तोकिएको मिति मंसिर ४ मै निर्वाचन हुन्छ भनेमा जनतामा आशंका उब्जिएको छ । निर्वाचन आउन केवल ४६ दिन बाँकी रहेको बेला निर्वाचन सम्बन्धि जनतामा खासै उत्साह देखिएको छैन । पहिलो संविधानसभामा सदस्यहरूको संख्या ६०१ बनाईएकोमा त्यसप्रति जनताको आक्रोश रहेपनि फेरी यिनै चारदलले अनेक प्रकारका नौटंकी रच्दै संविधानसभामा सदस्यहरूको संख्या ६०१ नै पुऱ्याएका हुनाले जनता आक्रोशित भएका छन् । ठूलो संख्यामा रहेको संविधानसभाले संविधान निर्माण गर्ने भए, पहिलो संविधानसभाले किन संविधान निर्माण गर्न सकेन त्यस्को उत्तर आजसम्म नेपाली जनताले पाएका छैनन् । सर्वभौमसत्ता सम्पन्न भनिएका जनताले विरोध गर्दागर्दै संविधानसभामा सदस्यहरूको संख्या जम्बो बनाउनु सर्वभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान बाहेक अन्य केही हुन सक्दैन ।

प्रायः सबै दलभित्र टिकट वितरण प्रति ति दलका नेता तथा कार्यकर्ताहरूले निराशा व्याक्त गरेको छन् । खास गरी कथित ठूला भनिएका दलहरूमा टिकट वितरणमा शिर्ष नेताहरूले अन्याय गरेको भन्दै अन्तीम समयमा पनि पार्टीका नेता तथा कार्यकर्ताहरू पार्टी परित्याग गरी अर्को पार्टीमा प्रवेश गर्ने लहर नै चलेको छ । प्रत्येक पार्टीहरूले स्थानीय निकाय क्षेत्र, जिल्ला, अञ्चललाई उम्मेद्वारको नाम सिफारीस गर्न निर्देशन दिएपनि त्यसरी सिफारीस गरिएका उम्मेद्वारहरूलाई हटाएर पार्टीका शिर्ष नेताहरूले आफ्ना आसेपासेहरूलाई टिकट दिएको भन्दै विभिन्न जिल्लामा विरोध प्रदर्शन समेत गरेका छन् । नेपाली कांग्रेसकी नेतृ सुजता कोइरालाले त टिकट पैसा लिएर विक्रि गरीएको आरोप पत्रकार सम्मेनल नै गरेर लगाएकी छिन् । नेतृ कोइराला नेपाली कांग्रेसको संसदीय बोर्डकी सदस्य समेत भएको र त्यही बोर्डले टिकट वितरण गर्ने अन्तिम जिम्मेवारी पाएकोमा त्यही वोर्डमै रहेकी सदस्यले टिकट विक्रि गरेको आरोप लगाउनुले दलहरूले साच्चो अर्थमा पैसा लिएर टिकट दिएको खुलासा भएको छ । योग्य इमान्दार र पार्टी प्रति बफादार भएका तर पैसा नभएका व्यक्तिहरूले टिकट पाउने सम्भावना नभएको हुनाले त्यस्ता व्यक्तिहरू अब राजनीतिबाट टाढै बस्नुपर्ने अवस्था सृजना भएको छ । उम्मेद्वार बन्नका लागि पैसा आवश्यक पर्ने भएकाले अब युवायुवतीहरू टिकट पाउनको लागि अवैधानीक मार्ग अवलम्बन गर्न सक्ने अवस्था आएको छ । यसरी पार्टीहरूले निष्पक्ष भएर आफ्ना नेता तथा कार्यकर्ताहरूलाई टिकट दिन नसकेको हुनाले आउँदो निर्वाचनमा आ-आफ्ना पार्टीलाई घात गर्दै अर्को पार्टीका उम्मेद्वारलाई सघाउने प्रवल सम्भावना भएको हुनाले आउँदो निर्वाचनमा कुनैपनि अर्थात मधेसवादी दल बाहेकका अन्य तिन ठूला दलले बहुमत ल्याउन सक्ने अवस्था देखिएको छैन । मधेसवादी दलहरू टुक्रा/टुक्रा भएर निर्वाचनमा जाने भएका र मधेसवादी दलहरूले तिनै मधेसवादी दलमा रहेका नेता तथा कार्यकर्ताहरूलाई आ-आफ्नो पार्टीमा प्रवेश गराउने होड नै चलेको हुनाले उनीहरूले संविधानसभाको पहिलो निर्वाचनमा पाएको ८२ सिट समेत अहिले गुम्न सक्ने अवस्थामा मधेसवादी दलहरू पुगेका छन् । मधेसवादी दलहरूले पहिलो संविधानसभाको निर्वाचनमा मधेसका मुद्दालाई उठाएका भएपनि उनीहरूले मधेसका मुद्दाहरूलाई छोडेर सत्ताको खेलमा मात्रै रमाउँदै सम्पत्ति जोड्न मात्र लागेका हुनाले अब मधेसका जनताले समेत मधेसवादी दलहरूलाई मतदान गर्न सक्ने अवस्था रहेन । मधेसका समस्या हिजो जस्ता थिए आज पनि त्यस्तै रहेको र केही टाठाबाठाहरूले सोझा मधेसी जनतालाई भऱ्याङ्ग बनाएर सत्तामा पुग्ने र सत्तामा पुगेपछि उनीहरूलाई विर्सीने गरेको हुनाले मधेसवादी दलहरू अनेक प्रकारका नौटंकी गर्दै विभाजित हुन पुगेका हुन् । मधेसवादी दलहरू विभाजित हुनुको पछाडी एउटै कारण छ सत्ता प्राप्त गर्नु, उनीहरू सत्ता बाहेक अन्यकेही देख्न सक्दैनन भन्ने प्रमाण त मधेसवादी दलहरू, झलनाथ खनाल नेतृत्वको सरकारमा पनि बसे प्रचण्डकोमा पनि, बाबुरामकोमा पनि, माधव नेपालको नेतृत्वमा पनि । यसैले प्रमाणित हुन्छ केही टाठाबाठा मधेसी नेताहरूले मधेसी जनतालाई भऱ्याङ्ग बनाउँदै सत्तामा पुग्ने भऱ्याङ्ग मधेसी जनतालई बनाएका छन् ।

पछिल्लो समयमा प्रमुख दल भनिएका चारदलले देखाएको गैरराजनीतिक चरित्र र हठका कारण आउँदो संविधानसभाको निर्वाचन रक्तपातपूर्ण हुने प्रायःनिश्चित जस्तै देखिएको छ । एमाओवादीबाट विभाजित भए गठन भएको नेकपा-माओवादीले चारदलले गत फागुन ३० गते गरेको ११ बुँदे राजनैतिक सहमती र त्यही सहमतीका आधारमा चैत्र १ गते गरेको संविधानको वाधा अड्काउ फुकाउ धारा १५८ अनुसार संविधानका विभिन्न २५ वटा प्रावधानहरू संशोधन गरीए पछि नेकपा-माओवादीले त्यस्को कडा शब्दमा विरोध गरेको थियो । फागुन ३० गते गरीएको ११ बुँदे सहमतिमा सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधिश खिलराज रेग्मीलाई प्रधानन्यायाधिशमै कायम राखेर काजमा ल्याएर मन्त्रीपरिषद्को अध्यक्ष बनाइनु नै चारदलको महाभूल भएपनि राष्ट्रपति डा रामबरण यादवले समेत चारदलको निर्णयलाई स्वीकार गर्दै संविधान नै संशोधन गरी दिएको आदेश जारी गर्नुले मुलुकुलाई असफल मार्गतर्फ लैजाने कार्यमा चारदल मात्र दोषी नभएर राष्ट्रपति यादव पनि त्यत्तिकै दोषी छन् । नेपालको अन्तरीम संविधानले राष्ट्रपतिलाई संविधानको पालक र संरक्षक स्वीकार गरेको अवस्थामा स्वयं राष्ट्रपति नत संविधाननको पालक नै बने नत संरक्षक भएको नाताले संविधानको संरक्षण गर्न सके । राष्ट्रपति यादवले चाहेका भए पहिलानै मुलुकले निकास पाउन सक्थ्यो तर उनी पनि त्यही चारदलको गोटी बन्दै चारदलको मात्र राष्ट्रपति बन्न खोजेको हुनाले मुलुक संकटतर्फ धकेलिएको सत्य, वास्तविकता भएपनि त्यसलाई सुधार्ने पक्षमा राष्ट्रपति आजसम्म देखिएका छैनन् । त्यसैले भन्न सकिन्छ राष्ट्रपति यादव चारदलका राष्ट्रपति हुन्, उनी चारदलको आदेश स्वीकार गर्न वाहेक अन्य केही गर्न सक्दैनन् वा गर्न चाहाँदैनन्, आखिरी किन ? राष्ट्रपतिले पनि राष्ट्रिय स्वार्थमा डुबेर व्याक्तिगत इच्छा पुरा गर्न तर्फ अग्रसर भएर राष्ट्रिय मुद्दालाई विर्सिदिएका छन् । चारदललाई खुशी पार्न सकेको खण्डमा संविधानको निर्माण पश्चात फेरी राष्ट्रपति बनाइदिन्छ यिनै दलहरूले भनेर उनले राष्ट्रिय मुद्दालाई विर्सिएको आरोप लगाउनेहरूको कमी छैन । जसरी गिरिजा प्रसाद कोइरालाले उधारो राष्ट्रपतिको सपनामा डुबेर मुलुकलाई डुबाए अहिले राष्ट्रपति यादवले समेत कोइरालाकै मार्ग अपनाउनु भनेको मुलुकलाई असफल राष्ट्र तर्फ उन्मूख गराउनु वाहेक अन्य केही हुन सक्दैन ।

नेकपा-माओवदी सहितका अन्य ३३ दलले निकै लामो समयदेखि विभिन्न प्रकारका आन्दोलन गर्दै गत फागुन ३० गते गरीएको चारदलको ११ बुँदे राजनैतिक सहमति सच्याउनु पर्ने माग गरी रहेको र पछिल्लो समयमा उसले १८ बुँदे माग राखेर आन्दोलन गरेपनि कथित ठूला भनिएका दलहरूले उनीहरूका माग सम्बोधन नगरेपछि १८ बुँदे मागलाई परिमार्जन गर्दै चार बुँदामा समेटे पनि चार दलिय सिन्डिकेटले ति चारबुँदे मागसमेत सम्बोधन गर्ने संकेत सम्म देखाएको छैन । खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने दलहरूकै नेताहरूले रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिनुपर्ने माग गरीरहेको अवस्थामा नेकपा-माओवादीले रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिनु पर्ने र संविधान सभाको निर्वाचन चैत्रमा सार्नु पर्ने अडान राखेकोमा रेग्मी सरकार र चारदलिय सिन्डिकेट ति दुबै मागप्रति सकारात्मक नभएपछि ३३ दलिय मोर्चाले विभिन्न प्रकारका अवरोधका कार्यक्रमहरू आगाडि सारेको छ । नेकपा-माओवादीले सहमतिको माग गर्दै सम्वादका लागि गरेको आह्वान सकारात्मक भएपनि त्यसलाई वेवस्ता गरी राष्ट्रलाई दाहोरो द्वन्द्वको भासमा डुबाउने प्रायास चारदल र रेग्मी सरकारले किन गरीरहेको छन् त्यो बुझ्न नसकिने भएको छ । रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिंदा र चुनाव केही समय पछि सार्दा असन्तुष्ट पक्षहरू निर्वाचनमा आउँछन् भने त्यसलाई सकारात्मक रूपमा लिँदै आगाडि बढ्नु पर्नेमा उल्टो रेग्मीले विरोधलाई पानीका फोका भन्नु कहाँसम्मको हाँस्यास्पद विषय हो ।

निर्वाचन प्रजातन्त्रको मेरूदण्ड हो, निर्वाचनले मात्र दलहरूको स्तर निर्धारण गर्दछ । अहिले सबैदलको हैसियत समान हो । जनताले दलहरूको हैसीयत बनाइ दिने भएका हुनाले र संविधान सभाको दोस्रो निर्वाचन हुने भएको हुनाले निर्वाचनमा सबै दलको सहभागीता अनिवार्य सर्त हो । नेकपा-माओवादी मुलुकभरमै आप्नो उपस्थिति देखाउन सफल भएको पार्टी भएको हुनाले उसलाई बाहिर राखेर वा निर्वाचनमा भाग लिन बन्देज लगाएर गरीएको निर्वाचनले किमार्थ सार्थक परिणाम दिन सक्दैन तसर्थ रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिएर निर्वाचन केही समयको लागि पछि सारेरै भएपनि असन्तुष्ट दलहरूलाई निर्वाचनमा भाग लिने वातावरण मिलाउनु नै अहिलेको लागि उचित विकल्प हुनसक्छ । सेना प्रयोग गरेर जनतालाई आतंकित पारेर गरीएको निर्वाचनले सार्थक परिणाम दिन नसकेको खण्डमा त्यस्को सम्पूर्ण जिम्मेवारी चारदलिय सिन्डिकेट, रेग्मी र राष्ट्रपतिले लिनै पर्दछ । अन्यथा मुलुक असफल राष्ट्र हुने कुरामा दुइमत छैन ।

**नेकपा-माओवदी सहितका अन्य ३३ दलले निकै लामो समयदेखि विभिन्न प्रकारका आन्दोलन गर्दै गत फागुन ३० गते गरीएको चारदलको ११ बुँदे राजनैतिक सहमति सच्याउनु पर्ने माग गरी रहेको र पछिल्लो समयमा उसले १८ बुँदे माग राखेर आन्दोलन गरेपनि कथित ठूला भनिएका दलहरूले उनीहरूका माग सम्बोधन नगरेपछि १८ बुँदे मागलाई परिमार्जन गर्दै चार बुदामा समेटे पनि चार दलिय सिन्डिकेटले ति चारबुँदे मागसमेत सम्बोधन गर्ने संकेतसम्म देखाएको छैन ।**

*devendrachudal@gmail.com*

# पूर्वराजा अझै सुतिरहने ?


राजन कार्की

२७ वर्ष कठोर जेल जीवनबाट मुक्त भएका नेल्सन मण्डेलाले रंगभेदको अन्त्य गरेरै छाडे । महात्मा गान्धीले अंग्रेज शासनबाट भारतलाई स्वाधीन तुल्याए । मार्टिन लुथर किङले अमेरिकी अश्वेतमाथिको भेदभागको अन्त्य गराए । ली क्वान युले सिंगापुरलाई एसियाको स्वीटजरलेण्ड बनाए । प्रत्येक ठूला नेताको उद्देश्य हुन्छ, सपना हुन्छ । प्रचण्ड, बाबुराम र बैद्यको सपना के हो ?

भारतीय धोतीमुनी लुकेर आफ्नै जन्मभूमिमाथि जनयुद्ध गर्ने नेताहरूका कारण १७ हजार जनता मारिए । स्वबर्गकै लाशमाथि टेकेर १२ बुँदे दिल्ली सम्झौता गर्नेहरूले राजतन्त्र फाल्यौं भनेर धक्कु लगाए । राजतन्त्र कसले, कसरी र किन फाल्यो, सत्ता, स्वार्थ र सम्पत्तिको नशामा चूर भएकाहरूले अहिलेसम्म पनि पहिल्याउन सकेका छन् जस्तो लाग्दैन ।

२०४६ सालमा एसके सिंह आएका थिए दिल्लीबाट । दिल्लीले पठाएको प्रस्ताव थियो- नेपालको सुरक्षा र परराष्ट्रनीति भारतले हेर्न पाउनुपर्छ, आन्दोलन स्थगित गराइनेछ । राजा थिए, वीरेन्द्र, जसले यो प्रस्तावलाई ठाडै अस्वीकारमात्र गरिदिएनन्, जनताका सामु झुक्न तैयार भए, जनताका तर्फबाट उठाइएको माग मानिदिए । त्यसपछि आएको थियो बहुदल । विदेशी बलमा आएको कारण त्यो बहुदल १० वर्ष कूशासनमा परिणत भयो । भारतीय प्रस्ताव नमान्दाको मूल्य कति महगो पऱ्यो भने २०५८ सालमा दरवार हत्याकाण्ड नै घटाइयो । आफ्ना राजाको काजकिरिया छक्कापञ्जा नजान्ने जनताले गरे । यो हत्याकाण्डको ग्र्याण्ड डिजाइन मलाई थाहा छ भन्थे, गिरिजाप्रसाद कोइराला । कोइराला पनि त्यो डिजाइनको पर्दाफास नगरी नै बितेर गए ।

त्यसपछि माहिला भाइ ज्ञानेन्द्रलाई राजा बनाइयो । दिल्ली सम्झौता भइसकेको थियो, प्रचण्ड-बाबुरामहरू अँध्यारो कुनाबाट प्रकट भइसकेका थिए । तिनले आफ्ना लडाकाहरूलाई सडकमा उतारिदिए । सात दलको आन्दोलनले सडक छपक्कै ढाक्यो । यही बेला दिल्लीले फेरि दूत पठायो- डा.करण सिंह । काश्मिरका राजा हुनुपर्ने व्यक्ति, सोनिया गान्धीको दूत बनेर आए । तिनले पनि नेपालको सुरक्षा र परराष्ट्रनीति भारतको जिम्मा दिनुपर्ने प्रस्ताव लिएर आएका थिए । राजा ज्ञानेन्द्रले त्यो प्रस्तावलाई मानेनन् । २०६३ साल वैशाख ८ देखि ११ गतेसम्मको भित्री रहस्यमय चलखेल र बाहिरी जनआन्दोलन दुबैतिर परास्त बनेका राजा एक्लिए । त्यसपछि बाध्यभएर राजाले मरेको संसद ब्यूँताइदिए । जुन संसदले उनको अधिकार कटौति गरेर थपना बनाइदियो र त्यही प्रस्थानविन्दुबाट राजनीतिक दलहरू २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचनमा पुगे । संविधानसभा बन्यो र संविधानसभाको २०६५ साल जेठ १५ गतेको बैठकमा चुनाव हरुवा कांग्रेसका नेता कृष्णप्रसाद सिटौलामार्फत गिरिजाप्रसाद कोइरालाले पठाएको प्रस्ताव पास गरेर राजतन्त्रको उन्मूलन गरियो । राजा ज्ञानेन्द्र त्यसपछि पूर्वराजाका रूपमा रहेका छन् ।

त्यसपछि माओवादीले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति स्वीकार गरेन । किन चाउरिस मरिच भनेझैं यही पीडाबाट गिरिजाप्रसाद कोइराला दिवंगत हुनपुगे । सत्ताको लगाम प्रचण्डको हातमा आइसकेको थियो । प्रचण्डपछि चुनाव हरुवा माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई र अहिले प्रचण्डकै प्रस्तावमा प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकार छ । यी सबै कम्युनिष्ट सरकारहरूले सीमा अतिक्रमणबारे बोलेनन्, हाम्रा खोलाजति विदेशीका झोलामा हालिदिए, वर्कपरमिट त परको कुरा, विदेशीलाई खुल्ला रूपमा नागरिकता बितरण गरिदिए । १९५० को सन्धिको बिरोध गर्ने कम्युनिष्टहरू त्यो सन्धिको नाम लिन डराउँछन्, बरू बिप्पा सन्धि गर्न पुगे । बाबुराम त्यस्ता कम्युनिष्ट नेता जसले नेपालको शासनको साँचो विदेशमा रहेको र छिटै नेपाल उत्तर वा दक्षिणतिर मर्ज हुनसक्छ भन्ने कुरा बोले ।

**भारतीय धोतीमुनी लुकेर आफ्नै जन्मभूमिमाथि जनयुद्ध गर्ने नेताहरूका कारण १७ हजार जनता मारिए । स्वबर्गकै लाशमाथि टेकेर १२ बुँदे दिल्ली सम्झौता गर्नेहरूले राजतन्त्र फाल्यौं भनेर धक्कु लगाए । राजतन्त्र कसले, कसरी र किन फाल्यो, सत्ता, स्वार्थ र सम्पत्तिको नशामा चूर भएकाहरूले अहिलेसम्म पनि पहिल्याउन सकेका छन् जस्तो लाग्दैन ।**

यिनले सम्पूर्ण सुरक्षाको गोप्यता भङ्ग हुनेगरी एयरपोर्टको व्यवस्थापन नै भारतलाई दिने सहमति जनाए । खिलराज रेग्मीले त एयरपोर्टको अध्यागमन कन्ट्रोल र भारतीय बिमानमा एयरमार्शल राख्न स्वीकृति दिइसकेका छन् । यो चर्चा यसकारण जरूरी छ कि जनताका सामु झुक्ने र जनइच्छा नै राजतन्त्रको गरिमा हो भन्ने पूर्वराजा र देशभक्तिको भाषण गरेर सुगर कोटेड प्वाइजनजस्तो काम गर्ने नेताहरूमा कुन सुन हो, कुन पित्तल ? जनताले कसी लगाउने बेला आयो ।

अर्को महत्वपूर्ण प्रश्न छ- सुरक्षाविद, अधिकारकर्मी, कानुनविद र समाजशास्त्रीहरूलाई । मुलुकमा यति ठूलो राजनीतिक अपराध पन्पिएको छ कि यी अपराधहरूका बारेमा सबै जिब्रो तालुमा टाँसेर बसेका छन् । के यिनीहरू सबै भयभित छन् ? कि स्वार्थका बसमा परेका हुन् ? हुन त नेपालको सत्ता इतिहास भनेको हतियारले लेखिएको छ र सिधासादा जनता शक्तिको आराधना गर्ने गर्छन् । अहिले पनि घुमाउरो तरिकाले हतियारको राजनीति चलेको र चर्केको छ । आगामी निर्वाचनमा प्रत्येक बुथमा एउटै पार्टी दुईसय पचासजसम्मका तालिमप्राप्त युवा तैनाथ गर्ने योजना बनाइरहेका छन् । ठूला पार्टीहरू चुनाव जितिछाड्ने ठूलै चलखेलमा व्यस्त देखिन्छन् । जो अरुमाथि निरङ्कूश र प्रतिगमनकारीको आरोप लगाउँछन्, तिनको यस्तो अलोकतान्त्रिक रूपभन्दा ठूलो प्रतिगमन अरू कुन होला र ? लोकतान्त्रिक निर्वाचनको नाममा देखिएको यो प्रतिगमन कतै १९७५ को कम्बोडिया अथवा वर्तमान अफगानिस्तानको जस्तो नहोस् । जहाँ पोलपोट र अतिवादले दशौंलाख जनताको नरसंहार मच्चाए ।

नेपालको वर्तमान कालखण्ड कम्बोडियासँग बढी मेल खान्छ । बुद्धिष्ट राजा नरोद्दम सिंहानुकलाई सीआइएले अपदस्त गरेर लोननोलको शासन स्थापित गराइयो । जसले कम्बोडियाली जनताको रगतको होली नै खेल्यो । सिंहानुकले लेखेको 'माई वार वीथ सीआइए' पढ्ने जो कोही धुरू धुरू रुने गर्छन् । क्रिश्चियन चक्रव्यूहमा फसेपछि आजसम्म पनि गणतान्त्रिक धर्मनिरपेक्ष कम्बोडियामा बुद्धिष्टहरूमाथि अत्याचार जारी छ । नेपालमा त्यस्तै भयो । जनादेश नै नलिई राजनीतिक दलहरूले मिलेर हिन्दूराष्ट्र नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे । पोहरसालै चर्चा चुहिएको थियो कि पूर्वराजा ज्ञानेन्द्र पुस्तक लेख्दैछन् । उनले लेखेको पुस्तक सार्वजनिक भइदियो भने त्यो अर्को बमसेल हुनेछ । तर दुर्भाग्य, सहनशील र जाति, भाषा, धर्म, भेगमा मानसिकता बिभाजित भइसकेका जनताले पूर्वराजाको पुस्तकलाई राम्ररी बुझ्ला र हराएको एकता खोज्ने प्रयास गर्ला ? शंकै छ ।

भन्न खोजिएको के हो भने, २०६३ सालको परिवर्तनपछि पूर्वराजाले कुनै हस्तक्षेप गरेनन्, कुनै बाधा पनि खडा गरेनन् । तर, राजनीतिक दलका नेताहरूले शान्ति, स्थायित्व, सुशासन, सुरक्षा केही पनि उपलब्धि हासिल गर्न सकेन । आज नेपाल भनेको भ्रष्टाचारी मुलुकमा दर्ता हुनपुगेको छ । असफल राष्ट्रका सबै बिशेषताहरू विद्यमान देखियो भनेर विश्व बैंकलेसमेत भनिसक्यो । यति हुँदा पनि राजनीतिक नेताहरू उही गुह्य गन्दका किरा मनस्थितिबाट मुक्त हुनसकेका छैनन् । उनीहरू व्यक्तिगत स्वार्थको सीमा नाघेर राष्ट्रिय स्वार्थ सोच्नै सक्दैनन् । भाषण गर्ने बेलामा अर्जुनदृष्टि, घनिभूत छलफलका कुरा गर्छन् तर व्यवहारमा नालीको किरो नालीमै । स्वर्ग र सुँगुरको कथाजस्तो छ नेपाली नेताहरूको राजनीति ।

**सुपथ र मुफतको एउटा सुझाव :** भारतको सारनाथमा निर्वासित जीवन बिताइरहेका वीपीलाई भेट्न एकपटक सिक्किमका लेण्डुप दोर्जी पुगेका थिए । वीपीले उनलाई भनेका थिए- नेपालका राजासँग मेरो ठूलो मतभिन्नता छ । तैपनि म राजतन्त्र हटोस् भन्ने चाहन्न । राजतन्त्र र प्रजातन्त्र रहेन भने दुबैको बिनास अवश्यम्भावी छ । लेण्डुपले १९७५ मा इन्दिरा गान्धीको पक्षमा उभिएर आफ्नै राजासँग द्रोह गर्दा सिक्किम भारतमा बिलय भयो । आज न सिक्किमको स्वतन्त्रता छ, न राजतन्त्र । नेपालमा वीपीका भाइ जीपीले प्रचण्ड र विदेशीको पक्षमा उभिँदा राजतन्त्रमात्र गएन, नेपाली कांग्रेसको स्वत्व, सिद्धान्त र अस्तित्व मटियामेट हुनगएको छ । कम्युनिष्ट र विदेशीको बोलवाला हुनपुगेको छ । राष्ट्रियता संकटमा परेको छ । त्यसै भनिएको होइन, कुनै पनि राजतन्त्रले राष्ट्रियता बेच्दैन । आज पनि सिक्किमका मुख्यमन्त्री पवन चामलिङ् नेपालीलाई भन्ने गर्छन- तपाईहरूसँग राष्ट्र छ, यसलाई बचाउनोस् । हातमा भएको गुमाएपछि सचाँन गरेर पाइदैन ।

स्टेटम्यान हुन ५४ हजार बर्गमाइलजत्रो छाती चाहिन्छ । जुनसुकै जाति वा क्षेत्रका हुन्, हेर्ने आँखामा पूर्वाग्रह हुनुहुएन । निषेध र बिभेदको विष बृक्ष बोक्नेहरूले सबैलाई समान छायाँ प्रदान गर्न सक्दैन । ०६३ सालको जनआन्दोलनपछि जनताका माझमा उभिएका नेताहरूले राज्य होइन, जंगलराज चलाए । जंगलराजकै कारण संविधान बनेन, संविधानसभाको अर्को निर्वाचनसमेत शंकाको सिकार बनेको छ । नेता असल नभएपछि जनताले रगतको आँसु पिउनुपर्छ भन्ने भनँइ नेपाल र नेपालीले भोगिरहेका छन् ।

लोकतन्त्रवादी अथवा प्रजातन्त्रवादीले यतिमात्र बुझ्न जरुरी छ कि किन १९१९ मा जन्मेको अमेरिकी कम्युनिष्ट पार्टीको अस्तित्व अमेरिकी माटोमा फल्न फुल्न सकेन ? प्रजातन्त्रका लागि लडेका योद्धाहरूले नेपाली माटोमा कम्युनिष्ट विरुवामा मलजल गरे, गरिरहेका छन् ? के नेपालमा वीपीजस्ता प्रजातन्त्रवादीहरूको अनिकाल नै परेको हो त ? नेपाली कांग्रेसले बुझोस्, पूर्वराजाले बुझुन्, जन्मभूमिका लागि त्याग गर्ने जो कसैको पूजा हुन्छ, तिनीहरू नै अमर हुन्छन्, तिनीहरू नै प्रजातन्त्रका खम्बा बन्नेछन् । नेपाली कांग्रेस र पूर्वराजा कति सुतिरहने, ब्यूँझने बेला भएन ?


## हार्दिक मंगलमय शुभकामना

बडा दशैं २०७० को पावन अवसरमा हाम्रा समस्त ग्राहक वर्गमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार

## हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी २०७० को उपलक्ष्यमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

## हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी २०७० को उपलक्ष्यमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

घरभित्रका फोहरमैला सडक, चोक वा गल्लीमा जथाभावी नफालौं ।
फोहरमैलालाई तोकिएकै स्थानमा फालेर सहर सरसफाइ गर्ने कार्यमा सहयोग गरौं ।

काठमाडौं महानगरपालिका

# NY Sikhs suing Sonia Gandhi

■ S M Hali

The ghosts of Sikhs massacred in the riots following Indian Prime Minister Indira Gandhi's assassination in 1984 have come to haunt All India Congress Committee president Sonia Gandhi, who is visiting New York to seek medical attention at the Memorial Sloan-Kettering Cancer Center in New York. Sonia Gandhi was issued summons by US Federal Court, New York on September 9, 2013 for her alleged involvement in the 1984 anti-Sikh riots.

Readers may recall that Indira Gandhi had launched her military in the controversial Operation Blue Star on June 3-8, 1984 in which the Akal Takht, the holiest of relics of the Sikhs, housed in Harmandir Sahib, also known as the "Golden Temple" in Amritsar, Indian Punjab was desecrated and destroyed to flush out Sant Jarnail Singh Bhindranwale. The Sikh leader, who had taken residence in Harmandir Sahib, was accused of amassing weapons in the gurdwara to start a major armed uprising, which is contested by most Sikh scholars who claim that Indira Gandhi attacked the Harmandir Sahib complex to present herself as a great champion of democracy so she could secure victory in the forthcoming elections.

During the assault, Sant Jarnail Singh and nearly 5000 civilians were killed, most of whom were innocent pilgrims. The operation is criticized on the grounds of the choice of time of attack by Government, heavy casualty, loss of property, and allegation of human rights violations by Indian Army personnel. The timing of Operation Blue Star coincided with the Sikh religious day, the martyrdom of Guru Arjan Dev, the founder of the Harmandir Sahib. The Indian army deployed tanks, helicopters, heavy artillery and even chemical weapons to hunt down the alleged militants. Total media blackout was imposed in Punjab by the Indian Army before the attack. According to "The Times" reporter Michael Hamlyn, journalists were picked up from their hotels in a military bus and deported to the adjoining state of Haryana. The main towns in Punjab were put under curfew while news blackout was imposed and Punjab was "cut off from the outside world". Brahma Chellaney, then the "South Asia" correspondent of the Associated Press, was the only foreign reporter who managed to stay on in Amritsar. His telexed dispatches provided the first non-governmental news reports on the bloody operation, appearing on front pages of "New York Times", "The Times of London" and the "Guardian" exposing much higher figures of casualties than that admitted by the government. Mr. Chellaney also reported that "several" suspected Sikh militants had been shot with their hands tied.

The military action led to an uproar amongst Sikhs worldwide and the increased tension following the action led to assaults on members of the Sikh community within India. Many Sikh soldiers in the Indian army mutinied, while numerous Sikhs resigned from armed and civil administrative office and several returned awards and honours they had received from the Indian government. The Sikh community perceive the attack on their holiest shrine as unjustified and Bhindranwale was declared the greatest Sikh martyr of the 21st century by Akal Takht (Sikh Political Authority) in 2003.

Four months after the operation, on 31 October 1984, Indira Gandhi was assassinated by Satwant Singh and Beant Singh, two of her Sikh bodyguards, in what is viewed as an act of vengeance. Subsequently, more than 8,000 Sikhs were killed in the ensuing anti-Sikh riots, which reportedly, the ruling Indian Congress abetted with security forces watching ineffectively while Sikh women were raped and butchered, their men slaughtered and property pillaged by militant mobs.

Having waited 39 years for justice to be meted out to the perpetrators of the bloody massacre, the Sikh community has finally adopted the legal course to seek redress. Gurpatwant Pannun is the attorney for the U.S. based Sikh community for Justice, which has initiated the case against Gandhi on behalf of Jasbir Singh and Mohender Singh, who suffered physical and emotional damages as a result of the attacks, having lost close relatives. Mr. Pannun states that the Congress party organized the systematic killing of Sikhs in 1984, while Sonia has been protecting and shielding the killers, allegedly Kamal Nath, Sajjan Kumar, and Jagdish Tytler, giving them important positions within the Congress party, while no investigations have taken place of the mass murders.

The lawsuit may not reach trial in the US but will cause a lot of embarrassment to Sonia Gandhi. The Indian Congress President has lost near and dear ones too and perhaps she should take cognizance of the massacre of Sikhs in 1984 and mete out justice.

# Monetary Economics Infantile policy at past & presents, In Nepal

Ved Jung Bajhangee singh

We are awareness about our Economical system during the monopoly Feudalisms , from the very beginning of foreign poppet so called shahs Periods , from 240 years , and they have to make Nepal ,semi New colonial state and it was say Independent from foreign power , But its rest of the so called Independent was borrowing from British- India, So we are mainly quoted , the monetary Economic system ,which and How were develop British-India as follows :-

During the beginning of the monetary system at first India the Chamberlin committee of 1013 approved the working and suitability of gold exchange standard in India .but in 1916 , due to storage of silver the price of silver started rising and people started melding silver rupee and purchage silver at the highest as silver. This made it almost impossible for the government to purchage silver at the highest rate, and supplying silver rupee at a lower rate of is.4d.. consequently, in august 1917 , the silver rupees cased to be standard coin and the gold exchange standard abandoned .

As well as the history of Nepal is deferent about the monetary system and equivalents to the scaling of the GDP and measuring the actually growth of the countries as well as growth income and scaling to the commodity. In this contest, how can we scaling our actual commodity and its, barter systems or equivelent of the output? but it is very sad about the monetary economics of Nepal . In the Indian phenomena the period of unstable Exchange rate (1917-to 1927 ) . The periods between 1917 and 1920 was marked by unstable exchange rates,. During this periods , the government tried to restore gold exchange standard by allowing the exchange rate of vary with the price of silver . In 1920 ,on the recommendations of the Babington-smith committee, exchange was fixed at 1 Rupees=2 this was a very high rate and the attempt to maintain it cost the Indian exchequer Rs.40 crores.

Aforesaid rest of the monetary economics and it's a shorts indications only to Nepal,s . Why do not care full or which done it, without any Commission? And without any research of monetary Economics in the New Nepal,s . Hitherto Nepal,s every steps has becoming likewise a anarchist state . but the leaderships are unknowingly sleeping as they are watching something beyond the sky or looking for good leaderships from the mass. They would say , we are looking from the mass , but rest of mass or , without 4 party syndicate are eligible ? otherwise why they are in force of the forth coming , declare so called constituently election ?

We can references of afore said monetary problem of India next as follows : -

5. period of Masterly inactivity ( 1917- to 1925) After 1920 ,the government gave up all attempts to maintain particular exchange rate .This policy , which was known as the policy of Masterly inactivity ,continued till 1927.

6. Hilton –Yound commission ( 1925) . in 1925, the government of India appointed Hilton-yound commission to investigate into the monetary system in the country . the commission far-reaching recommendations for remodeling and renovating the Indian monetary system. The important recommendation were :

1) The commission recommended the abolition of the gold exchange standard and its replacement by the gold bullion standard .

Under the gold bullion standard , the currency consisting of token coins and the paper notes could be converted into gold in the form of bullion of Fixed rates.

(ii) the commission also recommended to fix the rate of exchange at 1 Rupees =1s. 6d. sir purusottam Das , the only Indian member of the commission , was in favor 1s. 4d. the exchange rate.

(iii)Another recommendation of the commission was that a Reserve Bank should be established as the central Bank of India.

7. Gold bullion –cum-sterling Exchange (1927-1931) under the currency Act of 1927, a mixer of gold bullion and sterling exchange standards was adapted .According to this system , the rupees was Linked to gold, but it value was fixed at 8.47 grain of fine gold, which is equivalent to is.6d. in terms of sterling. Rupee and notes were made convertible into gold or into sterling at the option of the government for making foreign payments. This ,hybrid, system continued up to September 1931.

8. pure sterling exchange standard (1931-1939) . when England went off the gold standard in September 1931, Indian also abandoned the gold bullion-cum-sterling exchange standard and directly Lined the rupee with British pounds sterling at the rate of 1 Rupee=1s.6d. once again , Indian monetary system became highly dependent on the monetary policy of Great Britain. During great depression ,Indian exports declined sharply and Indian had to export gold considerably to pay for her imports and ,home charges.

In January 1935 the Reserve Bank of India was established as the central Bank of India. It considerably strengthened the currency and banking system of the country. Indian Currency system during world war II (1939-1945) In 1939, world war II broke out and continued up to 1945. The major developments which took place in Indian monetary system during this periods were as follows :

1. Exchange control . in order to regulate and control the foreign exchange resources of the country , the policy of exchange control was introduce in 1939, the main feature of the policy were :

I. Reserve Bank was given exchange responsibility of managing the foreign exchange resources of the country.

II. restrictions were imposed on the sale and purchage of the foreign exchange .

III. Dealing in foreign exchange were allowed only through aphorized dealers and banks.

iv. The Indian exporters were obliged to use these earning of scare currencies with prier permission of the Reserve Bank.

V . no Indian citizen could by and export foreign securities with out the prior sanction of the reserve Bank.

(vi) the exchange rate of the rupee was kept stable at 1s.6d. As well as we can see and imagination by the evidence of aforesaid monetary example of India, during the world war ii and within the British colony period , we do not have borrowing such Monetary system till now ? yes why not ? so we most have borrowing from the British colony of Indian , During the world war ii .




# शिक्षाले नै विद्रोही र सैनिकसँग लड्छ

*अस्फाक युसुफजाई*

पेशावर, पाकिस्तान । आठ वर्षीय मुहम्मद अक्रमलाई दुई कक्षामा पढ्दै गर्दा जबर्जस्ती स्कुल छाड्न बाध्य पारियो । तालिवानले ध्वस्त पार्नुअघि यही सानो, सरकारी स्कुलमा उनी र उनका दाजु पढ्दै थिए । "बुबाले निजी स्कुलमा पढाउने खर्च जुटाउन सक्नु भएन," मोहम्मद एजेन्सीका निवासी अक्रमले आईपीएसलाई बताए । यो एजेन्सी उत्तरी पाकिस्तानको सङ्घीय प्रशासित आदिवासी क्षेत्र (फाटा) का सातमध्ये एक एजेन्सी हो ।

विद्रोहीको अखाडा र हिंसाको चेपुवामा रहेको फाटाका परिवारहरु यहाँको शैक्षिक प्रणालीलाई तहसनहस पार्ने र माटोमा मिलाउने कार्यमा पाकिस्तानी सैनिक र तालिवानी समूह दुवै समानरूपमा जिम्मेवार रहेको बताउँछन् ।

तालिवानीहरूको कुनै पनि किसिमको आधुनिक शिक्षालाई नमान्ने असहिष्णु व्यवहारका साथै धेरै स्कुल भवनको ध्वंस वा सैनिक प्रयोजनका निम्ति स्कुलको कब्जाले शिक्षा प्राप्त गर्ने लाखौं विद्यार्थीको अधिकारलाई कुण्ठित गरेको छ । परिणामस्वरूप साक्षरता दर १६ प्रतिशतमा पुगेको छ, र यो पाकिस्तानमै सबैभन्दा न्यून हो । स्कुलमा भर्ना हुने र अध्ययन पूरा गरिछाड्ने इच्छा भए पनि ती बालबालिकाले सडकमा खेलेर र घुमेर नै दिन कटाउँछन्, अक्रमको दुःखेसो छ ।

फाटाका सहायक शिक्षा अधिकारी मोहम्मद रहमानले आईपीएसलाई भने, "आधुनिक शिक्षाको सख्त विरोधमा रहेका तालिवानी विद्रोहीहरूले अन्य कुनै एजेन्सीभन्दा मोहमन्दमा सबैभन्दा बढी स्कुलमा क्षति पुऱ्याएका छन् । उनीहरूको यो अभियानबाट १२,००० बालबालिका फुर्सदिला भएका छन्, जसमा ३,८०० भन्दा बढी बालिका छन् ।"

उनले फाटाका सातवटा एजेन्सीमा ४६० भन्दा बढी स्कुलमा क्षति पुगेको जानकारी दिए । तालिवानीहरूले मोहमन्दमा ११०, बजौरमा १०३, खिबर पख्तुनख्वामा ७०, कुर्रममा ५५, ओराकजाईमा ६५, उत्तरी वजिरीस्तानमा ४४ र दक्षिणी वजिरीस्तानमा १६ वटा स्कुल ध्वस्त पारेका छन् । साथै, यो कार्यबाट ६२,००० बालबालिका स्कुलबाट विस्थापित भएका छन् जसमा २३,००० जना केटीहरु पनि छन् ।

यहाँको शैक्षिक संकट एक दशकभन्दा बढी समयदेखिको सैनिकीकरणको परिणामस्वरूप भएको हो । खासगरी, अमेरिकी नेतृत्वको सेनाले काबुलबाट तालिवानी सरकार अपदस्थ गरेपछि त्यहाँबाट बिद्रोहीहरु भाग्न विवश भएका थिए ।

अमेरिकाको न्यूयोर्कस्थित ट्वीन टावर र पेन्टागनमा सेप्टेम्बर ११, २००१ मा आक्रमण गरिएपछि थालिएको "आतङ्कविरूद्धको युद्ध" बाट बन्न कट्टरपन्थी विद्रोहीहरु अफगानिस्तान र पाकिस्तानबीचको २,४०० किलोमिटर लामो खुला सिमाना पार गरी पाकिस्तानको आदिवासी क्षेत्रमा लुकेर बस्न थालेका थिए ।

यहींबाट विद्रोहीहरुले आफ्नो आतङ्कको अभियान आरम्भ गरे, जसअन्तर्गत सरकारी संस्था र कार्यालयहरूमा आक्रमण तथा विस्तारै योजनाबद्धरूपमा स्कुलहरूमा आक्रमण गरियो । "आक्रमणको निसाना बनेको पहिलो स्कुल दक्षिण बजिरीस्तानको थियो । यो अभियान आजपर्यन्त चलिरहेकै छ," रहमानले बताए ।

तर विद्रोहीहरूलाई मात्र पनि दोष दिने ठाउँ छैन । फाटामा तालिवानलाई निर्मूल पार्ने प्रयत्नस्वरूप सैनिक अभियान सञ्चालन गर्न परिचालित झण्डै १००,००० संख्याको सैन्य बलले पनि सरकारी भवनहरूलाई लुक्नका निम्ति प्रयोग गरिरहेका छन् । "सैनिकहरु पनि स्कुलहरूमा बस्छन् र विद्यार्थीहरूले स्कुलमा गएर पढ्नुको साटो घरमै बस्नु परेको छ," ओराकजाईका एकजना बासिन्दाको भनाइ छ ।

सैनिकको उपस्थितिले पनि उही निराशा मात्र ल्याएको छ । केही स्थानीयवासीको दाबी छ कि सैनिक र तालिवानीहरु एकै सिक्काका दुई पाटा हुन् किनभने शिक्षा र युवा पुस्ताप्रतिको उनीहरूको दृष्टिकोण उस्तै किसिमको छ । फाटामा सैनिक नियन्त्रणमा कति स्कुल छन् भन्ने यकिन तथ्याङ्क छैन किनभने यस्तो तथ्याङ्क सार्वजनिक गर्दा प्रतिशोध लिइने भय अधिकारीहरूमै छ, ओराकजाईका निवासीले आफ्नो नबताउने सर्तमा आईपीएसलाई बताए ।

उदाहरणका लागि, उत्तरी वजिरीस्तानको क्याडेट कलेज रजमाक विद्यार्थीका निम्ति बन्द गरिएको छ किनभने यसलाई सैनिक अखडाका रूपमा प्रयोग गरिएको छ । सेनाले केही भूभागलाई युद्धक्षेत्र पनि घोषणा गरेको छ, र त्यस्ता ठाउँको निश्चित भागमा विद्यालय चलाउन प्रतिबन्धनै छ । तथापि, फाटाको सचिवालयले सेनाले शान्तिपूर्ण देखिएका क्षेत्रका ८० वटा विद्यालय पुनर्निर्माण गरेको तथ्य सार्वजनिक गरेको छ, स्रोतले जनायो । शिक्षाविद् उमर फारूकले यस्तो विध्वंसकारी परिदृश्यले फाटाका युवालाई ढुंगेयुगमै फर्काउने सम्भावना रहने प्रतिक्रिया दिए । "सन् २००० मा ३० प्रतिशतमा रहेको साक्षरता दर सन् २०११ मा झरेर करिब १६ प्रतिशत पुगेको छ," उनले थपे ।

फारूकका अनुसार, मुलुकमै सर्वाधिक न्यून साक्षरता दर (करिब ४७ प्रतिशत) रहेको फाटामा अहिले तालिवानीहरूबाट क्षतिग्रस्त स्कुलको पुनर्निर्माण, सेनाले कब्जामा राखेका स्कुलको पुनर्प्राप्ति र थप क्षति हुनबाट जोगाउनु नै सबैभन्दा ठूलो चुनौती बनिरहेको छ ।

फाटाको शिक्षा निर्देशनालयका अधिकारी उमर दाराज खानले क्षतिग्रस्त विद्यालयको मर्मत र पुनर्निर्माणका निम्ति स्रोतको कमीले यथोचित तहमा साक्षरता दरलाई कायम गर्न कठिनाइ भइरहेको आईपीएसलाई बताए । कथंकदाचित रकमको जोहो भइहाले तालिवानीहरूको जारी शिक्षा विरोधी अभियानले पुनर्निर्माणमा कठिनाइ उत्पन्न गराउँछ र त्यो पूरा हुन कठिन हुन्छ, खानले भने ।

जहाँसम्म, साउदी अरेबीया सरकारबाट प्राप्त सात करोड २० लाख डलरले बजौर एजेन्सीका ६० वटा स्कुलको पुनर्निर्माण गर्न सकिएको छ, उनले भने । तर शिक्षाविद् र स्थानीयवासीहरु अझै धेरै गर्न बाँकी रहेको कुरामा भने समान धारणा राख्छन् ।

यहीबीच, शिक्षकहरु पनि ढल्ने अवस्थामा पुगेका स्कुलहरूका कारण नराम्रोसँग प्रभावित भएका छन् । बजौर एजेन्सीको एक स्कुलमा पढाइरहेका शिक्षक घानी शाह मार्चमा तालिवानीहरूले स्कुल भत्काइदिएपछि रोजगारविहीन भएका छन् । उनी तालिवानी र सरकारी सैनिक दुवैप्रति रोश प्रकट गर्छन् । उनी स्कुलमा पढाइरहेका १५ जना शिक्षकमध्ये एक हुन् । उनी आजभोलि फलफूल बेच्नेजस्ता काममा लागेका छन् किनभने क्षतिग्रस्त स्कुलको तत्काल पुनर्निर्माण हुने सम्भावना असाध्यै कम छ ।

बजौर एजेन्सीका वकील अखुनजादा मोहम्मद चितानले फाटामा भइरहेको सैनिकीकरणबाट सरकार असाध्यै बढी चिन्तित रहेको आईपीएसलाई बताए । सरकारले जतिसक्दो चाँडो तालिवानीहरूलाई परास्त गर्ने र स्कुल पुनर्निर्माण गर्ने सोचाइ राखेको पनि उनको भनाइ छ । "हामीले धेरैवटा एजेन्सीमा टेन्ट स्कुल बनाएका छौं तर यसले सिमेन्टले बनाएका पक्की विद्यालयलाई प्रतिस्थापन गर्नेछन् भन्ने पक्कै होइन," उनले बताए । विद्रोही लडाकूहरु इस्लामका साथै बालबालिकाका दुश्मन प्रतित भइरहेका छन् ।

तर केहीले भने परिवर्तन होला भन्ने आशा नै त्यागिसकेका छन् । ओराकजाई एजेन्सीका कृषक मुहम्मद जाफर शान्तिपूर्ण वातावरणमा आफ्ना दुई छोराछोरीलाई हुर्काउन खिबर पख्तुनख्वाको कोहाट जिल्लामा बसाइ सरेको बताउँछन् ।

"तत्कालै स्कुल खुल्ने आशा मैले देखेको छैन किनभने फाटामा सन् २००५ देखि चलिरहेको सैनिक अभियान अझै रोकिने अवस्थामा छैन, र लडाकूहरु पनि अझै सक्रिय नै छन् । त्यसकारण, मेरा बालबच्चालाई पढाउनकै निम्ति गृहनगर त्याग्ने मेरो निर्णय सही थियो," उनले आईपीएसलाई बताए ।

उनको विश्वासमा बालबालिकालाई शिक्षाको अधिकार दिलाउन तत्कालै कुनै कदम नचालिए फाटाका यी बालबालिका दैत्य समान हुनेछन् ।

(आई.पी.एस./एन.पी.आई.)


## भावपूर्ण श्रद्धाञ्जली



जन्म

स्व. ईश्वरमान रञ्जित

पत्रपत्रिका अधिकार मञ्चका कोषाध्यक्ष तथा इन्द्रेणी साप्ताहिक पत्रिकाका सम्पादक/प्रकाशक निरज रञ्जितका परमपूजनीय पिता ईश्वरमान रञ्जितको स्वर्गारोहण भएको दोश्रो वार्षिकको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

देवेन्द्र चुडाल
अध्यक्ष

पत्रपत्रिका अधिकार मञ्च


## vjhsb

### सफल पोखरा कपका १२ टोलीको नाम सार्वजनिक

कास्की । तीन सातापछि पोखरामा सुरु हुने मोफसलकै प्रतिष्ठित फुटबल प्रतियोगिता सफल पोखरा कपका १२ सहभागी क्लबको नाम सार्वजनिक गरिएको छ । आगामी ५ कात्तिकबाट सुरु हुने प्रतियोगितामा 'ए' डिभिजनका पाँच टोलीले सहभागिता पक्का गरेका छन् । प्रतियोगितामा सहभागी हुने 'ए' डिभिजन क्लबमा लिग च्याम्पियन थ्री स्टार, मनाङ मर्स्याङ्दी, हिमालयन शेर्पा, जावलाखेल युथ क्लब र फ्रेन्ड्स क्लब रहेका छन् ।

यस्तै प्रतियोगितामा दुई विभागीय टोली नेपाली सेना र एपिएफसहित आयोजकको टोली र नेपाल यू-१६ टोलीले सहभागिता जनाउनेछन् । यस्तै विदेशबाट भुटानको राष्ट्रिय टोली, नेप्लिज फुटबल एसोसिएसन हङकङ र एफसी अस्ट्रेलियाले सहभागिता जनाउने पक्का भएको एन्फा कास्कीका अध्यक्ष गोपीबहादुर भट्टराईले बताए ।

सफल दूधको मुख्य प्रायोजन रहेको प्रतियोगिता पोखरा रंगशालामा १६ कात्तिकसम्म चल्नेछ । आयोजक कास्की जिल्ला फुटबल संघले यसपटक पुरस्कार राशिमा समेत वृद्धि गरेको छ । यसपटक विजेताले तीन लाख ५५ हजार तथा उपविजेता टोलीले दुई लाख एक हजार प्राप्त गर्ने आयोजकले जनाएको छ । यसअघि दोस्रो संस्करणको विजेताले तीन लाख पाँच हजार तथा उपविजेताले एक लाख ५० हजार प्राप्त गरेका थिए । आयोजकले प्रतियोगिताको तयारी पनि अन्तिम चरणमा पुगेको जनाएको छ । संघका उपाध्यक्ष तथा प्रतियोगिता संयोजक कुमार गुरुङले प्रतियोगिताको तयारी ८० प्रतिशत सकिएको जानकारी दिए ।

### केशव र तिलकको जोडी फाइनलमा

काठमाडौं । बानेश्वरका केशव पौडेल र तिलक छन्त्यालको जोडी पाँचौं बबिनविक्रम विष्ट स्मृति रनिङ सिल्ड ब्याडमिन्टन प्रतियोगिताको पुरुष डबल्सतर्फ फाइनलमा प्रवेश गरेको छ । किङ कम स्पोर्ट्स क्लबको आयोजनामा जारी प्रतियोगिताको अन्तिम सेमिफाइनलमा बुधबार केशव र तिलकको जोडीले सिनामंगलका ओम योगी र वीरेन्द्र कुंवरको जोडीलाई २४-२२, १०-२१ र २१-१६ ले पराजित गऱ्यो । पौडेल र छन्त्यालको जोडीले उपाधिका लागि साबिक विजेता तुलसीकुमार महर्जन र प्रकाश राईको जोडीसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताअन्तर्गत सो स्पर्धाको तेस्रो स्थानका लागि ओम र वीरेन्द्रको जोडीले आयोजकका दीपक थापा र पुरूषोत्तम ढकालको जोडीसँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको फाइनल घटस्थापनका दिन हुनेछ ।

### बार्सिलोनालाई फाब्रिगासले जिताए

सेल्टिक/ च्याम्पियन्स लिग फुटबलअन्तर्गत समूह चरणको दोस्रो खेलमा बार्सिलोनाले स्कटिस क्लब सेल्टिकलाई १-० ले पराजित गरेको छ ।

सेल्टिकको घरेलु मैदानमा बार्सिलोनालाई जिताउन सेस फाब्रिगासले निर्णायक गोल गरे । फाब्रिगासले खेलको ७६औं मिनेटमा गोल गरेका थिए ।



एलेक्स सान्चेजको क्रसको सदुपयोग गर्दै फाब्रिगासले बार्सिलोनालाई १-० ले अघि राखे । त्यसपछिको खेलमा दुवै टोलीबाट गोल हुन नसकेपछि फाब्रिगासको गोल नै निर्णायक बन्यो । लगातार दोस्रो जितसहित बार्सिलोना समूह 'एच'को शीर्ष स्थानमा पुगेको छ । बार्सिलोनाको दुई खेलबाट ६ अंक छ । समूह 'एच'मा चार अंकसहित इटालियन क्लब एसिमिलान दोस्रो स्थानमा छ । मंगलबार राति भएको खेलमा मिलान नेदरल्यान्ड्सको क्लब अज्याकसँग १-१ को बराबरीमा रोकिएको थियो । घरेलु मैदान आम्टरडाम एरेनाको खेलमा अज्याकले नै अग्रता लिएको थियो । खेलको ९०औं मिनेटमा स्टेफानो डेसविलले अज्याकलाई १-० ले अघि राखे । तर, इन्जुरी समयको अन्तिम मिनेटमा मारियो बालोटेलीले पेनाल्टीमार्फत गोल गरेपछि खेल १-१ बराबरीमा सकिएको थियो ।

**दुई इंग्लिस क्लब विजयी**

च्याम्पियन्स लिगअन्तर्गत मंगलबार रातिको खेलमा दुई इंग्लिस क्लब आर्सनल र चेल्सीले पनि जित हात पारेका छन् । समूह 'एफ'अन्तर्गतको खेलमा आर्सनलले इटालियन क्लब नापोलीलाई २-० ले स्तब्ध तुल्यायो ।

जितका साथ दुई खेलबाट ६ अंक जोडेको आर्सनल समूहको शीर्ष स्थानमा छ । घरेलु मैदान इमिरेट्स स्टेडियममा आर्सनललाई खेलको आठौं मिनेटमै मेसुत ओजिलले १-० ले अघि राखे । यसै सिजन स्पेनिस क्लब रियल म्याड्रिड छाडी लन्डन पुगेका ओजिलले राम्सेको पास सदुपयोग गर्दै आर्सनललाई अघि राखे ।

त्यसपछि खेलको १५औं मिनेटमा ओलिभियर जेरुडले गोल गर्दा आर्सनल २-० ले अघि रहयो । खेलको बाकीं समयमा दुवै टोलीबाट थप गोल हुन नसकेपछि आर्सनलले २-० ले नै विजयी भयो । समूह 'ई'अन्तर्गत मंगलबार भएको खेलमा अर्को इंग्लिस क्लब चेल्सीले रोमानियाको स्टयुवा बुकुरिस्तीलाई ४-० ले स्तब्ध तुल्यायो । चेल्सीले बुकुरेस्तीलाई उसकै मैदानमा गोलको वर्षा गराएको थियो । चेल्सीले खेलको २०औं मिनेटमा रामिरेसको गोलबाट अग्रता लिएको थियो । खेलको ४४औं मिनेटमा चेल्सीले आत्मघाती गोल उपहार पायो । बुकुरेस्तीका जियोजिब्स्कीले बललाई आफ्नै पोस्टमा छिराएपछि चेल्सी २-० ले अघि बढेको थियो । खेलको ५५औं मिनेटमा रामिरेसले व्यक्तिगत दोस्रो गोल गर्दा चेल्सी ३-० ले अघि बढ्यो । खेलको ९०औं मिनेटमा फ्र्यांक लाम्पार्डले गोल गर्दै चेल्सीको जित ४-० ले पक्का बनाए । जितसहित चेल्सीले समूह 'ई'मा खाता खोलेको छ । समूह 'ई'मा ६ अंकसाथ फ्रान्सेली क्लब साल्के शीर्ष स्थानमा छ भने चेल्सी तीन अंकसाथ दोस्रो स्थानमा छ ।

# सबै दलको सहभागिता नभए निर्वाचनले सार्थक परिणाम नदिने

काठमाडौं । निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिकका लागि दलहरूले उम्मेदवार तय गरी निर्वाचन आयोगमा नामावली दर्ता गरे पनि निर्वाचन हुने कुरामा आशंका उब्जिएको छ । आउँदो मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको दोस्रो निर्वाचनलाई सक्रिय रूपमा बहिस्कार गर्ने, मतपेटीका नियन्त्रणमा लिने उद्घोष गरिसकेको नेकपा-माओवादी सहितका ३३ दललाई निर्वाचनमा सहभागी गराउन उच्चस्तरीय राजनैतिक संयन्त्रले खासै चासो नदेखाएपछि उच्चस्तरीय राजनैतिक दलमा रहेका दोस्रो तहका नेताहरूले नेकपा-माओवादी सहितका अन्य दलहरूले निर्वाचनमा भागलिने सहमती जनाएको खण्डमा आउँदो चैत्र महिना भीत्रमा निर्वाचन गर्ने गरी मिति सार्ने प्रयास जारी राखेका छन् ।

नेकपा-माओवादी सहितका ३३ दलले निकै समय पहिला १८ बुँदे माग राखेर आन्दोलनका विभिन्न कार्यक्रमहरू सम्पन्न गरी आफ्ना मागहरू पुरा गर्न उच्चस्तरीय राजनैतिक संयन्त्र र खिलराज रेग्मी सरकारलाई दवाव दिएपनि संयन्त्र र रेग्मी सरकार त्यसको लागि तयार देखिएको थिएन । पछिल्लो समयमा नेकपा-माओवादी सहितका ३३ दलले १८ बुँदे मागलाई परिमार्जित गर्दै ४ बुँदे माग अगाडि सारेको थियो । चार बुँदे मागमा खिलराज रेग्मीले प्रधानन्यायाधिशबाट राजीनामा दिनु पर्ने र मंसिर ४ मा गर्ने भनिएको संविधानसभाको निर्वाचन चैत्रमा सार्नुपर्ने प्रमुख माग थिए ।

पछिल्लो समयमा उच्चस्तरीय राजनैतिक संयन्त्र र रेग्मी नेकपा-माओवादी सहितमा अन्य ३३ दलका मागमा सम्बन्धमा केही नरम देखिएको हुनाले आउँदो मंसिर ४ गते गर्ने भनिएका संविधानसभाको दोस्रो निर्वाचन चैत्रमा सार्ने प्रायः निश्चित जस्तै देखिएको र रेग्मीले समेत प्रधानन्यायाधिशबाट राजीनामा दिनसक्ने सम्भावना बढेर गएको हुनाले आउँदो संविधानसभाको दोस्रो निर्वाचनमा प्राय सबै दलले सहभागीता जगाउन सक्ने अवस्था सृजना भएको छ । नेकपा-माओवादी लगायतका अन्य ३३ दललाई बाहिर राखिएर गरीने निर्वाचनले सार्थक परिणाम नदिने र त्यसबाट आएको संविधानसभाले संविधान समेत निमार्ण गर्न नसक्ने ठोकुवा यस साप्ताहिकले पहिला नै गरी सकेको अवस्थामा यस साप्ताहिकको विश्वसनीयता जनतामा अभ्र बढेको छ । संविधानसभाको निर्वाचन संसदको जस्तो निर्वाचन नभएर संविधान निर्माण गर्नका लागि हुने भएको हुनाले निर्वाचनमा सबै दलको सहभागीता अनिवार्य सर्त हो । त्यसमा पनि हत्या गरीएको संविधानसभामा उपस्थित भएका दलहरूको सहभागीता त अभ्रै महत्वपूर्ण हुने भएको हुनाले सबै दललाई चुनावमा भाग लिन सक्ने वातावरण मिलाएर मात्र निर्वाचनमा जाने निर्णय गर्नु उपयुक्त हुनेछ ।

## /Elg va/

### शेखरको 'अक्षरहरूको रङ'

काठमाडौं । युवा कवि तथा साहित्यकार शेखर विकल्पको पहिलो कवितासंग्रह 'अक्षरहरूको रङ' सार्वजनिक भएको छ । काठमाडौंको राष्ट्रिय सभागृह परिसरमा जारी पुस्तक प्रदर्शनीसँगै गरिएको कार्यक्रमा कवि भीष्म उप्रेती



र फूलमान बलले कृति सार्वजनिक गरेका हुन् ।

कार्यक्रममा बोल्दै कवि उप्रेतीले शेखरको कविताभा जीवनका विभिन्न आयाम समेटिएको बताए । शेखरले पहिलो कवितासंग्रहमा सम्भावनाको फराकिलो क्षितिज देखाएको उनले बताए । कवि बलले शेखरले अक्षरमा जीवनका रङ घोलेको बताए । आफ्ना कृतिबारे बोल्दै गुल्मी बलेटक्सार-३ का विकल्पले जीवनका विभिन्न आयामका साथै राजनीतिक परिवर्तनलाई कवितामा उतारेको बताए ।

उनको गजल, गीत र एकांकी प्रकाशित भइसकेका छन् । पुस्तक शब्दहार क्रिएसन्सले प्रकाशन गरेको हो । 'नयाँ प्रतिभालाई प्राथमिकताका साथ अगाडि ल्याउने क्रममा हामीले शेखरमा राम्रो सम्भावना देख्यौं,' शब्दहारका अध्यक्ष रमेश कँडेलले भने, 'त्यसै क्रममा उनको कवितासंग्रह प्रकाशित गरेका छौं । पाठकले माया गर्नुहुनेछ भन्ने आशामा छु ।'

### चलचित्रमा जम्ने सपना

हरिचन्द्र अधिकारी नेपाली चलचित्र र मोडलिङको दुनियाँमा संघर्षरत नाम हो । नेपाली कला र संस्कृति भनेपछि मरिमेट्ने उनले एउटा सफल कलाकारका रूपमा देशभर चिनिने सपना बोकेका छन् ।

बिए दोस्रो वर्ष पढ्दापढ्दै मोडलिङको रंगिन दुनियाँमा होमिएका थिए अधिकारी । १९९६ सालमा कृष्ण फिल्म्स



प्रालिबाट आठमहिने नृत्य प्रशिक्षण पूरा गरेपछि सन्देश कुलुङको आधुनिक गीतमा मोडलिङ गर्ने मौका मिलेको उनी बताउँछन् । त्यसपछि उनले भ्रन्डै एक दर्जनजति विज्ञापनमा अभिनय गरिसकेका छन् भने थ्रिप्रोटि स्टेजमा क्याटवाक पनि गरेका छन् । अहिले आफूलाई ठूलो पर्दाका चलचित्रबाट समेत अफर आउन थालेको उनले बताए ।

लमजुङको देउरालीमा जन्मेका अधिकारी सानैदेखि नेपाली चलचित्र तथा कला-संस्कृति भनेपछि हुरुक्क हुन्थे । 'एउटा सफल कलाकार भएर देश-विदेशमा चिनिने धोको सानैदेखि थियो,' उनले सुनाए । उनी फुर्सदको समयमा किताब पढ्न रूचाउँछन् । उनको मनपर्ने किताबमा हरिवंश आचार्यको चिना हराएको मान्छे, भ्रमक घिमिरेको जीवन काँडा कि फूल आदि छन् ।


हार्दिक मंगलमय शुभकामना

शुभ विजया दशमी २०७० को पावन उपलक्ष्यमा सम्पूर्ण पत्रकार, शुभेच्छुक एवं नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शाश्वत शर्मा
महासचिव

देवेन्द्र चुडाल
अध्यक्ष

पत्रपत्रिका अधिकार मञ्च
परिवार, बागबजार, काठमाडौं


## skf/6

### स्टयान्डर्ड चार्टर्डको छात्रवृत्ति

काठमाडौं । स्टयान्डर्ड चार्टर्ड बैंक नेपालले भिसकोस-नेपाल (भिलेज स्कुल-कलेज स्टुडेन्ट स्कलरसिप प्रोजेक्ट)अन्तर्गत भक्तपुरस्थित बालकोटमा रहेको महेन्द्र शान्ति हाइस्कुलका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराइएको छात्रवृत्ति बैंक सिइओ जोसेफ सिल्भानुजले विद्यालयका १५ विद्यार्थीलाई हस्तान्तरण गरेका हुन् । सन् २००२ देखि छात्रवृत्ति उपलब्ध गराउँदै आएको बैंकले शैक्षिक सत्र ०६९ को छात्रवृत्ति विद्यार्थीलाई वितरण गरेको हो । छात्रवृत्ति वितरण अवसरमा जिल्ला शिक्षा अधिकारी शंकर बी गौतम, विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावक उपस्थित रहेको बैंकले जनाएको छ ।

### ग्लोबल आइएमईको 'इजी वाई इजी पे' सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले दसैं-तिहार अवसर पारेर क्रेडिट कार्डमा आधारित 'इजी वाई इजी पे' नयाँ सेवा थप गरेको छ । २५ हजारदेखि २ लाखसम्मका सामान खरिदमा उपभोक्ताले तत्काल विक्रेतालाई पैसा तिर्न नपर्ने गरी उपभोक्ता सुविधाका लागि सञ्चालन गरिएको सेवा शून्य प्रतिशत ब्यादरमा उपलब्ध गराइनेछ । सेवाअन्तर्गत बैंकको क्रेडिट कार्ड सुविधा लिएका ग्राहक र नयाँ ग्राहकले क्रेडिट कार्ड सुविधा लिएपछि मोबाइल, ल्यापटप, होमअप्लाइन्स, गहनालगायत सामान खरिद गर्न सक्नेछन् । त्यसका लागि विभिन्न कम्पनीसँग सम्झौता गरिएको बैंकले जनाएको छ ।

### नबिल बैंकको अनलाइन खाता

काठमाडौं। नविल बैंकले अनलाइन खाता खोल्न सकिने सेवा सुरू गरेको छ । बैंकले पहिलोपटक सुरू गरेको खाता खोल्ने सेवा नेपालभित्र वा बाहिर जहाँबाट पनि घर वा कार्यालय, हिँडदाहिँड्दै बैंकको वेभसाइट डब्ल्यू डब्ल्यू डब्ल्यू डट नबिल बैंक डटकममा अनलाइन आवेदन दिई खोल्न सकिनेछ । अनलाइन खाता खोल्ने सेवा सुचारू भएपछि विश्वका जुनसुकै ठाउँमा रहेका व्यक्तिले २४सै घन्टा आफूले रोजेको समयमा बिनाभ्रन्भ्रट खाता खोल्न सक्नेछन् । ग्राहकको समय बचत गरी सहज बैंकिङ सेवा प्रदान गर्न अनलाइन खाता सेवा सञ्चालन गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत अनिल ज्ञवालीले बताए ।

### ग्रोमोर मर्चेन्ट सेयर रजिस्ट्रार नियुक्त

काठमाडौं। हाम्रो विकास बैंक, नुवाकोट तथा गोरखामा रहेको मनास्लु विकास बैंकले सेयर धितोपत्र कारोबारसम्बन्धी काम गर्न ग्रोमोर मर्चेन्ट बैंकर काठमाडौंलाई सेयर रजिस्ट्रार नियुक्त गरेका छन् । सेयर रजिस्ट्रारसम्बन्धी सम्झौतामा ग्रोमोरका महाप्रबन्धक कविन्द्रध्वज जोशी र हाम्रो विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकाल तथा मनास्लु विकास बैंकका महाप्रबन्धक विरूराम जैसीले हस्ताक्षर गरेका थिए ।

### ज्योति बैंक-सिटी एक्सप्रेस रेमिट सम्झौता

काठमाडौं। ज्योति विकास बैंक र सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच विप्रेषणसम्बन्धी सम्झौता भएको छ । सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद उपाध्याय र सिटी एक्सप्रेसका प्रबन्ध निर्देशक चन्द्र टन्डनले हस्ताक्षर गरेका थिए । बैंकका मुलुकभर रहेका शाखा कार्यालयले विदेशबाट सिटी एक्सप्रेसमार्फत पठाएको रकम सेवाग्राहीलाई सहज रूपमा उपलब्ध गराउनेछन् ।

### मेट्रोको १६.८४ प्रतिशत लाभांश

कास्की । पोखरामा मुख्य कार्यालय रहेको मेट्रो डेभलपमेन्ट बैंकले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई १६.८४ प्रतिशत बोनस सेयर वितरण गर्ने भएको छ । राष्ट्र बैंकको स्वीकृतिपछि सञ्चालक समितिले लाभांश वितरण गरिने बैंकका प्रमुख कार्यकारी अधिकृत सूर्यप्रसाद तिवारीले जानकारी दिए । बैंकले गत वर्ष १६ प्रतिशत लाभांश वितरण गरेको थियो ।


विजया दशमी तथा शुभ दिपावली-२०७० को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक एवं शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना ।

यसै सुखद उपलक्ष्यमा देशमा औद्योगिक विकासका लागि विगत ५५ वर्षदेखि अनवरत रुपले कर्जा प्रवाह गर्दै आएकोमा विगत ४ वर्ष देखि आकर्षक बचत योजना मार्फत् निक्षेप संलन कार्य गरी आफ्ना समस्त ग्राहक महानुभवहरुलाई आफ्नो राष्ट्रिय सञ्जाल मार्फत पूर्णबैंकिङ सेवा प्रदान गर्दै जाने प्रतिबद्धता ब्यक्त गर्दछौं।

एन.आई.डि.सी. डेभलपमेन्ट बैंक लि.,
परिवार, केन्द्रिय कार्यल, दरवारमार्ग, काठमाडौं,
फोन नं. ४२२८३२२, ४२२७२२०
शाखा कार्यालयहरू
न्युरोड काठमाडौं, बिराटनगर, पोखरा, नेपालगञ्ज र धनगढी

## तानशाही...

हड्ताल सफल पार्न बैद्य समूहले सम्पूर्ण शक्ति लगाउने जानकारी सार्वजनिक गरेको छ ।

गत बुधवार पत्रकार सम्मेलन गरेर नेकपा-माओवादीले चार दलको तानाशाहीविरूद्ध जस्तोसुकै कदम चाल्न तैयार रहेको जानकारी गराएको छ । जनतालाई मतदान नगर्न आह्वान गर्ने, सेना प्रहरीलाई बहिष्कारवादीमाथि दमन नगर्न भेटेरै आग्रह गर्ने र अझै वार्ताको ढोका बन्द नभएको जनाउसमेत दिएको छ । तर भित्रभित्रै बैद्य समूहले निर्वाचन बिथोल्न कडा कदम चाल्ने तैयारी सुरू गरिसकेको संकेतहरू देखिएका छन् ।

विभिन्न जिल्लामा निर्वाचन विथोल्ने तालिम, ब्यालेट बक्स उडाउने र मतपत्र नै पुग्न नदिनेसमेतका योजनाहरू बनिरहेका छन् । बैद्य समूहलाई किनारा लगाएर हुने निर्वाचन शान्तिपूर्ण, भयरहित र स्वतन्त्र हुने लक्ष्यण देखिदैन । निर्वाचन होला र ? भन्ने आशंका अहिले पनि आमनागरिकहरूमा फैलिरहेको छ । ठूला नेताहरूमा नै निर्वाचन हुन्छ भन्ने बलियो मानसिकता देखिदैन ।

सरकारले निर्वाचनमा खटिएका सुरक्षाकर्मीलाई गोलीसम्म ठोक्ने अधिकार दिएको छ । यो अधिकारको प्रचार भएपछि भय बढेर गएको छ । निर्वाचनमा ठूला दलहरूले बाक्लै रूपमा स्वयंसेवक खटाउने र बिथोल्नेहरू पनि बाक्लैरूपमा खटिने हुँदा बिबाद बढ्ने र गोली चलेर रक्तपात हुनसक्ने बढी सम्भावना देखिएको छ ।

## पार्वतीलाई...

निकायमा महिला आईजिपी, यो ऐतिहासिक घटना हुनेछ ।

पार्वती थापा भन्छिन्, म टिम वर्कमा विश्वास गर्ने भएकाले ममाथि कुनै षड्यन्त्र होला जस्तो लाग्दैन । भोलिका दिनमा महिला सशक्तिकरण र असुरक्षा कम गर्न पनि महिला आईजिपी समयको माग हो । म सत्य, सेवा, सुरक्षाको मूल मन्त्रलाई व्यवहारमै उतार्ने छु । पार्वती थापा अछाम बलात्कार काण्डमा न्यायको पक्षमा उभिएको कतिपय भ्रष्ट र अनैतिक प्रहरी अधिकारी तथा तत्कालिन गृहमन्त्री भीम रावललाई पचेको छैन । हेर्नु यत्ति छ, पार्वती थापालाई आईजिपी बन्नबाट छक्याउन ६ जना आईजिपीको छक्का दाउ काम याव होला ?

## प्रचण्डको रवाफ...

पूर्वलडाकुहरूलाई मतपेटिका कसरी हावामा उडाइदिने र त्रसदी फैलाएर चुनाव बिथोल्ने भन्ने विशेष फोर्स गराउन थालिएको छ । यसका लागि भारतबाट समेत विज्ञहरू आएको बताइन्छ ।

देशभक्तिको भाषण गरेर भारतीय अतिवादीबाट ट्रेनिङ गराएर लडाकुहरूलाई चुनाव बिथोल्न लगायो भने ठूलै रक्तपात हुन जानेछ । त्यतिबेला अहिले देखिएको प्रचण्डको रवाफ कहाँ पुग्छ भन्न सकिन्नँ ।

## मधेशवादी...

यादवले पार्टीमा स्वागत गर्दै उनीहरूको हैसियत अनुरूपको जिम्मेवारी दिने बताएका छन् ।

मधेसवादी दलहरू अहिले चरम फुटको शिकार भएका र आफूहरूले टिकट नपाउने भएपछि तुरून्तै पार्टी परित्याग गरी अर्को पार्टीमा प्रवेश गरेर टिकट हत्याउने दाउमा लागेका हुनाले उनीहरू जनताको सेवामा होइन जसरी भएपनि सत्तामा पुग्न चाहान्छन भन्ने प्रमाणीत भएको छ । गत संविधानसभको निर्वाचनमा मधेसवादी सबै दलहरूले गरी संविधानसभाको निर्वाचनमा दुबै प्रत्यक्ष र समानुपातीक गरी ८२ सिट प्राप्त गरेका र सबै मधेसवादी दलहरू विभाजित हुदै सत्तामा समेत पुगेका थिए । मधेसी जनअधिकार फोरम तिन टुक्रा भएर अहिले आफ्नो अस्तित्व बचाउने क्रममा सकृय भएको छ त्यसैगरी तमलोपा, सद्भावना लगायतका सबै दलहरू विभाजित भएर सत्ताको स्वाद चाखी सकेका हुनाले फेरी सत्ता हत्याउनैको लागि उनीहरू विभाजित हुँदै, नयाँ पार्टी गठन गर्ने र पार्टी परित्याग गर्ने क्रममा होडबाजी नै चलेको हुनाले अब यीनै मधेसवादी दलहरूबाट मधेसका समस्याहरू सामाधान हुन सक्ने अवस्था नभएको पुष्टी हुँदै गएको छ । मधेसका सोझा साझा जनतालाई झुक्याएर एक पटक सत्ता हत्याउन पुगे पनि अब मधेसका जनता झुकिने छैनन् । सत्ताको स्वाद चाख्न मात्र पार्टी विभाजन गर्ने, पार्टी परित्याग गर्ने र पार्टी प्रंवेश गर्दै हिँड्ने व्यक्तिहरूको यस पटकको संविधानसभाको निर्वाचनमा पराजय निश्चित जस्तै भएको एक मधेसवादी दलका नेताले वताएका छन् । आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति नहुने वित्तिकै पार्टी त्याग्ने प्रवृत्तिले गर्दा मधेसी जनताका समस्याहरू समेत ओझेलमा परेको ति नेताले बताएका छन् ।

## सरकारी सुरक्षा...

लुटिएका समाग्रीहरूमा के के थिए भने जानकारी जिल्ला निर्वाचन कार्यलयका प्रमुखलाई नभएको वताईएता पनि ति लुटिएका सामान निर्वाचन सम्बन्धि नै भएको पुष्टी भएको छ । केही समय पहिला नेकपा-माओवादीका महासचिव रामबहादुर थापा र सचिव नेत्र विक्रम चन्दले मुलुकका विभिन्न ठाउँमा पुगेर आफ्ना कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै उद्घोष गरेका थिए - निर्वाचनमा उम्मेद्वार हुनेहरूका खुट्टा भाँचिदिनुहोस्, मतपेटीका खोस्नुहोस्, निर्वाचन समाग्री लुट्नुहोस्, आवश्वयक परे हामी हतियार समेत उपलब्ध गराउँदछौँ । अहिले उनीहरूकै निर्देशन अनुसार निर्वाचन सम्बन्धि समाग्री लुटिएको हुनाले महासचिव थापा र सचिव चन्दको निर्देशन पुरै मुलुक भरमा लागु हुने सम्भावना बढेर गएको छ ।

शनिवार लुटिएका समाग्रीमा के के थिए भन्ने जानकारी जिल्ला निर्वाचन कार्यालय नभए पनि शुक्रवार नेकपा-माओवादीका २०/३० जना कार्यकर्ताले जिल्ला निर्वाचन कार्यालयबाट मतदाता प्रशिक्षणका लागि लगिएका समाग्रीहरू लुटेका थिए । सोहि जिल्लाको दसेरा गा. वि.समा शनिवारदेखि दुइदिन सम्म ६० जनालाई प्रशिक्षण दिने कार्यक्रम भएपनि सामाग्री लुटिएपछि प्रशिक्षण कार्यक्रम नै रोकिएको थियो । नेकपा-माओवादी कार्यकर्ताहरूले मुलुकभरमै अवरोध सृजना गर्न सक्ने सम्भावना बढेपछि चार राजनैतिक दल अर्थात सिन्डिकेट अब नेकपा-माओवादी सहितका अन्य दलहरूलाई निर्वाचनमा सहभागीता गराउन उसले राखेका मागहरू पुरा गर्न तर्फ अग्रसर हुनुपर्ने छ । नेकपा-माओवादीलाई बाहिर राखेर गरीने निर्वाचनको औचित्य समेत देखिएको छैन ।

## राप्रपा नेपाल...

माथि आफूलाई राखेर मनलागि सत्ता भागबण्डाबाट सञ्चालन गर्दा देशको दुर्गती भईरहेको छ । यसबाट वाकविधी भएका जनता संवैधानिक राजतन्त्र र हिन्दु राष्ट्र चाहिन्छ भन्ने निष्कर्षमा पुगेका हुन् । विदेशी दबदबा रोक्न पनि जनता राप्रपा नेपालनै ठीक भन्ने अवस्थामा पुगेका हुन् । राप्रपा नेपालले यो लहर चुनावसम्म बचाउन सक्ला ? प्रश्न गम्भीर छ ।

## बोनस...

वोनस रकम फिर्ता गर्ने हामी प्रतिवद्धता जनाउँदछौँ ।

नेपाल आयल निगम सचित घाटामा रहेपनि आर्थिक वर्ष २०६५/६६ मा कमाएको नाफाबाट करिब १९ करोड ८८ लाख रूपैया बोनसका लागि व्यवस्था गरिएको थियो ।।प अख्तियारले त्यसैबेला संचित घाटामा रहेको हुनाले बोनस नबाँड्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पत्र पठाएर रोक लगाउने निर्देशन दिएको र त्यसलाई निगम सञ्चालन समितिले पनि वोनस वितरण नगर्ने निर्णय गरेको थियो । वोनस रकम रोक लगाएपछि निगमका कर्मचारीहरूले आन्दोलन गर्दै वोनस रकम आफूहरूले पाउनुपर्ने माग राखेका थिए । आन्दोलन नरोकिएपछि सञ्चालक समितिले कर्मचारी संघसामु घुँडा टेक्दै प्रचलित ऐन कानून अनुसार हुने भने सहमति गरेपछि आन्दोलन रोकिएको थियो । कर्मचारीहरूसँगको सहमतीपछि सञ्चालक समितिले पहिला आफैले गरेको निणर्य फिर्ता लिएको थियो । निगम सञ्चालक समितिका अध्यक्षमा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अध्यक्ष रहेने व्यवस्था भएपछि पहिलाका अध्यक्षले रोक लगाएको वोनस वितरण पछिका सचिवले फिर्ता लिएका थिए ।

समितिले वोनसमा लगाएको रोक फिर्ता लिएपछि निगमले ऐन कानून अनुसार वोनस रकम वितरण गरेको थियो । ऐनमा एक आर्थिक वर्षमा भएको खुद नाफाको १० प्रतिशत सम्म निगमका हकमा ६ प्रतिशत वोनस वितरण गर्न सक्ने व्यवस्था छ । संचिति घाटामा गएको संस्थाले एक आर्थिक वर्षमा नाफामा रहेपनि वोनस बाँड्न पाउने कि नपाउने भन्ने स्पष्ट व्यवस्था नभएको हुनाले त्यस्को लाभ उठाउँदै निगमले वोनस बाँडेको थियो । अख्तियारले वोनस वितरणमा हस्ताक्षर गर्ने चार उच्च अधिकारी र एक कर्मचारी संघका अध्यक्षलाई पक्राउ गरेर हिरासतमा राखेपछि निगमका कर्मचारीहरू आफूहरूले लिएको वोनस रकम फिर्ता गरेर पक्राउ परेर व्यक्तिहरूलाई रिहा गराउन र कानूनी बाटो अवलम्बन गर्न तयार देखिएका छन् । हेर्नु छ अब अख्तियारले आफैले पक्राउ गरी अदालतसामु पेश गरेको व्यक्तिहरूलाई कर्मचारीहरूले रकम फिर्ता गरेको खण्डमा रिहा गर्छ कि गर्दैन ? यसैबीच अख्तियारले निगमका प्रक्राउ गरिएका कर्मचारीहरूलाई विशेष अदालतमा मुद्दा दायर गर्न जाँदा विषेश अदालतले उनीहरूलाई रिहा गर्न आदेश दिएपछि अख्तियारले पुनः विषेशको निर्णयमा चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा उजूरी दर्ता गराएको छ ।

## झन शक्तिशाली...

शक्तिशाली भएर फर्किएको लख काट्न सकिन्छ । संविधानसभा-२को निर्वाचनका कतिपय प्रावधानहरू बाट असन्तुष्ट ( प्रभावशाली) दलहरूलाई अझै पनि फकाउन, मनाउन लागिपरेका छौँ भनेर फलाक्नेहरूको 'कोशिश'मा खिलराजले सिधै तातो पानी खन्याउने काम गरिदिए- न्यूयोर्क मा डा मनमोहन सिंहलाई भेटेर फर्किए लगत्तै । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा पत्रकारहरू संग कुरा गर्दै रेग्मीले नेकपा-माओवादी लगायत तेत्तिस दललाई निर्वाचनमा सहभागी गराउनकै लागि आफूले प्रधानन्याधिश पदबाट राजीनामा नदिने स्पष्ट पारिदिएका छन् । साथै रेग्मीले निर्वाचनका लागि घोषित मिति मंसिर ४ मै निर्वाचन सम्पन्न हुने बताएर असंन्तुष्ट तेत्तिस दलका लागि 'ढोका बन्द' गरिदिने काम गरेका छन् ।

वास्तवमा कर्मचारी र नेताका बीचको फरक यही हो । फेरी राजनीति भनेको अदालतमा ऐन नियम र प्रचलित कानूनलाई हेरेर गरिने 'फैसला' जस्तो त पक्कै होइन , यस्मा समय, अवस्था र पर्ने दुरगामी असरहरूलाई विचार गरेर निर्णय लिनु पर्ने हुन्छ । सिधा 'किताब' पल्टाएर ठाडो आदेश दिने जस्तो त कहाँ हुन्छ र - राजनीति ! तर के गर्ने ? त्यस्तै भयो- यहाँ त !! प्रभावशाली मानिएको वैद्य समूहलाई वाहेक गरेर चुनावी प्रकृया सम्पन्न गर्ने जुन 'लक्ष्य' लिएर न्यूयोर्क बाट रेग्मी फर्किएका छन्, त्यो मुलुकका लागि 'सुखद' चैँ पक्कै हुँदैन । आफूले प्रधानन्यायाधिशको पदबाट राजीनामा पनि नदिने र मंसिर ४ को घोषित निर्वाचन पनि पछि नसार्ने !! अर्थात वैद्य समूह निर्वाचनमा सहभागी नभए नहोस् । यसरी गरिएको निर्वाचन कत्तिको फलदायी हुन्छ- मुलुकका लागि ? त्यसो त केही बुज्रुकहरूले अहिले निर्वाचनको प्रकृया शुरू भएता पनि यही महिना भित्रै एउटा कुनै 'नयाँ बहानामा' मंसिर ४ को निर्वाचन फागुन चैत्र सम्ममा सार्ने र वैद्य समूहले पनि लचकता देखाउँदै खिलराज को वर्तमान दुबै पदलाई स्वीकार्ने अनि संविधानसभा-२ निर्वाचनका लागि फेरी त्यो असक्षम र असफल अन्तरीम संविधानमा 'सामान्य' संशोधन गर्दै सबै खालेहरूलाई समेटेर (!) निर्वाचन सम्पन्न गराउने प्रपन्च गरिदैछ भनेर अनुमान गरेका थिए । तर त्यो सबैले 'हावा' खायो- न्यूयोर्कको तिर्थाटन पछि । अब मन्त्रीपरिषद्को अध्यक्ष जस्तोले बोलिसकेपछि यस्मा फेरी के संशोधन होला त ? अब कुनै 'चमत्कार' भए मात्र, नत्र मंसिर ४ को निर्वाचनको मिति यता उता नहुने नै भो । एकजना विश्लेषक यसो भन्दै थिए । तिनका अनुसार यो सबै नेपाली-नेपालीका बिचमा फूट ल्याउने अर्को तरिका हो । हिजो राजतन्त्र र हिन्दु धर्मलाई तारो बनाईएको थियो र त्यस समयमा द्वन्द्व चर्काउन एकदमै सजिलो थियो । अब ती 'दुबै थरी' रहेनन् । त्यसकारण अब 'द्वन्द्व' गराउने नयाँ शैली अपनाइएको छ । अब त झन नेपाली जनताका बीचमा शहर केन्द्रीत द्वन्द्व चर्काएर 'शुभ लाभ' लिइरहने प्रपन्च गरिएको छ । यहाँ संविधानसभा-२ को गठन को त कुरै छेन । त्यसका लागि हुने भनिएको निर्वाचन मै मारामार को स्थिति सृजना गरिदिइएको छ ।

भन्नलाई स्थिर शान्त अनि विकसित नेपाल हाम्रो चाहना हो भनेर भनेता पनि फाइदा चैँ अस्थिर, अशान्त र अविकशित नेपालबाटै छ- हाम्रो नजिकको घनिष्ठ मित्रलाई । बुझौँ, त्यसैका लागि यत्रो षड्यन्त्र भईरहेको छ । नेपाली-नेपालीका बीचमा जुधाउने र बझाउने खेल भइरहेको छ । वैद्य समूहलाई बाहेक गरेर अर्थहिन निर्वाचन गर्नुको कुनै प्रयोजन छ ? यस्तो निर्वाचनले के उपलब्धी दिन्छ ? हिजो सबै थरीहरू संविधानसभा-१मा उपस्थित हुँदा त परिणाम दिन नसकेको अवस्थामा यस्तो निर्वाचन अनि त्यसबाट निर्माण हुने संविधानसभा-२ले के परिणाम दिन्छ ? यो अरू केही होइन, नेपाली नेपालीका बीचमा फाटो ल्याउने चालबाजी मात्र हो- त्यो बुझौँ ।

## कात्रो बाँध्न झलनाथ उर्दी

काठमाडौं । एमालेका अध्यक्ष झलनाथ खनालले पार्टीभित्रका युवा पंक्तिलाई 'काँत्रो बाँधेर' चुनावी मैदानमा उत्रन उर्दी जारी गरेका छन् । भदौ २९ गते नारायणघाटबाट यस्तो उर्दी जारी गरेका झलनाथ खनालले असोज १५ गते साँझ उम्मेद्वारको सूचि तयारगरेपछि पनि यस्तै उर्दी जारी गरेका छन् । झलनाथको 'काँत्रो बाँध्ने' उर्दीले उनी पनि निर्वाचनलाई त्रासदी बनाउन चाहान्छन् भन्ने देखिएको छ । झलनाथ भन्छन्- अब निर्वाचन रोकिदैन । धर्तीको कुनै पार्टीले पनि एमालेको विजययात्रालाई रोक्न सक्दैन । नेपाली कांग्रेस परम्परावादी छ, एमाओवादी असक्षम छ, सक्षम भनेको एमाले मात्र हो । एमाले यो निर्वाचन पछि नम्बर एक बन्यो, बन्यो । झलनाथ खनालको भाषण र उसका प्रत्यक्ष तर्फका उम्मेद्वार र टिकट वितरणमा धाँधली भयो भनेर उठेको विद्रोही आवाज सुन्नेहरू पेट मिची मिची हाँस्न थालेका छन् । हाँस्नेहरू भन्छन्- खुट्टी देख्दै चाल पाइयो ।





घर वरिपरिको वातावरण
सफा र स्वच्छ राखौं,
रोग व्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार